मजदुर
The Worker Daily दैनिक
○ ग्राहक बन्नु परेमा
○ नवीकरण गर्नु परेमा
○ पत्रिका नियमित नआएमा
○ वितरकहरुसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com


बालमैत्री वातावरण बनाऔं

बालबालिकालाईः
- सजिलै खोलेर खान सक्ने पानीको बोतल र टिफिन बक्स दिऔं,
- विद्यालय जाँदा आउँदा छोड्ने र लिने स्थानको जानकारी गराऔं,
- खाने तरिका र अनावश्यक वस्तुहरु डस्टबिनमा फाल्न सिकाऔं,
- लगाउन र फुकाल्न सजिलो हुने लुगा एवं जुत्ता दिऔं,
- सहज शौचालयको व्यवस्था गरौं,
- अभिभावक वाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं,
- अकस्मात केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपलव्ध गराऔं,
- बालबालिकाले प्रयोग गर्ने सामानमा नाम लेख्ने गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष : २६ ★ अङ्क : ७० ★ ने. सं. ११४४ चिल्ला गा, अष्टमी ★ मङ्गलबार ★ २० चैत, २०८० ★ April 2, 2024, Tuesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## नेपाल वायुसेवा निगमलाई ५० अर्बको घाटामा पुऱ्याउने मन्त्रीहरूमाथि छानबिन हुनुपर्ने



काठमाडौं, १९ चैत । सभामुख महोदयमार्फत संसद् र सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

नेपाल वायु सेवा निगमको ऋण सालाखाला ५० अर्ब पुग्यो । निगमका १३ वटा जहाजमध्ये भाडाका इन्जिन भएको ५ वटामात्र उड्छन् । भाडाको इन्जिनले निगम झन् घाटामा गएको बताइन्छ । इन्जिन मर्मत गरिएको भए ३६ करोडले पुग्नेमा भाडाको इन्जिनको जहाज ४० करोडमा चलाइँदै छ । दिनको ५-७ हजार नेपालीलाई वैदेशिक रोजगारीमा पठाइएको छ । तर, वाइडबडी जहाजमा निगम नोक्सानमा छ । नेपालमा नचल्ने चिनियाँ जहाज किन खरिद गरियो ? प्रशिक्षित पाइलट नभएको कारण चिनियाँ जहाज नचलेको बताइयो । के सरकारले चिनियाँ जहाज चलाउन सक्ने पाइलटलाई समेत प्रशिक्षण दिन नसकेको हो र ? एकजना पाइलट तयार गर्न नसक्ने सरकारले देशको नेतृत्व कसरी गर्ला ? प्रश्न उठिरहेको छ ।

नेपाल वायुसेवा निगमबारे यसको व्यवस्थापन, सञ्चालक समिति र सरकारबिच एक अर्कोमा आरोप प्रत्यारोप भइरहेको छ । पर्यटन मन्त्रीलाई नै जिम्मेवार बनाउने सरकारी संरचना बनाउनु जरुरी छ ।

व्यवस्थापन करार वा सोल्टीको शेयर बिक्री वा नयाँ सडकको १४ रोपनी जग्गा बेचेर निगमको समस्या समाधान हुँदैन । बरु निगमलाई ५० अर्ब ऋणमा पुऱ्याउने मन्त्रीहरूमाथि छानबिन गर्न एउटा संसदीय समिति बनाउनु जरुरी छ । के मन्त्रीहरूले विभाग सम्हाल्न सकेनन् भनी सिंहदरबार व्यवस्थापन करारमा दिन मिल्छ ?

निगमले कर्मचारी सञ्चयकोषसँग लिएको ऋणको ब्याजदर महँगो भएको हुँदा सो साँवा ब्याज फिर्ता गर्न विदेशीसँग कम ब्याजमा ऋण लिने तयारी गर्दै छ । यो त देश नै नवउपनिवेश बनाउने तयारी हो । शासक दलहरूले कर्मचारी र आफ्ना कार्यकर्तालाई इमानदार बनाउन सकेनन् भने कम्प्युटर सफ्टवेयर र सीसीटीभी लगाएर पनि सही हिसाब आउने छैन । सरकारले कर्मचारी सञ्चयकोषको ब्याजदरबारे निर्णय गर्नु जरुरी छ । निगमको व्यवस्थापक र सञ्चालकलाई दोष दिएर पर्यटनमन्त्री उन्मुक्त हुने व्यवस्थालाई संशोधन गर्नु जरुरी छ ।

नयाँ सत्ता समीकरण बनेको एक महिना पुग्न लाग्दा पनि साझेदार दलहरूबिचको अन्योल कायम भएको, गठबन्धन दलका नेताहरू नै अहिले कसरी सहकार्य चलिरहेको छ भन्ने अन्योल रहेको, सरकारको भविष्य अन्योलपूर्ण रहेको, वैशाख १५ गतेको उपनिर्वाचनको लागि सत्ता साझेदारहरूले संयुक्त उम्मेदवार तय हुन नसकेकोबारे जनगुनासो आएको हुँदा यसबारे सत्ता गठबन्धनका नेताहरूलाई संसद्मा स्पष्ट गर्न लगाउनु जरुरी छ ।

अमेरिकी कम्पनीले १० अर्ब ३६ करोड रुपैयाँ राजस्व छलेकोबारे अर्थमन्त्रीलाई यहाँ स्पष्ट गराउनु जरुरी छ ।

***(नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले २०८० चैत १९ गते प्रतिनिधिसभाको विशेष समयमा राख्नुभएको मन्तव्यको सार-सं)***

***बाँकी पृष्ठ २ मा***

## भक्तपुरको प्रसिद्ध बिस्का जात्रा शान्तिपूर्ण सम्पन्न गर्न तयारी बैठक



भक्तपुर, १९ चैत्र । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा नजिकिँदै गरेको भक्तपुरको प्रसिद्ध बिस्केट जात्रा सभ्य, भव्य र शान्तिपूर्ण तरिकाले सञ्चालन गर्न सोमबार सरोकारवालाहरूसँगको बैठक भक्तपुर नपाको सभाकक्षमा सम्पन्न भयो ।

बैठकमा प्रमुख प्रजापतिले २०८०/८१ को बिस्का जात्रा निर्धारित समयमा सुरक्षित ढङ्गले सम्पन्न गर्न सम्बन्धित सरोकारवालाहरूले आ-आफ्नो तर्फबाट आवश्यक भूमिका निर्वाह गर्न आग्रह गर्नुभयो । उहाँले बिस्का जात्रा सञ्चालन र व्यवस्थापनबारे भक्तपुर नपाको तयारीबारे अवगत गराउनुभयो ।

उहाँले २०८० चैत २७ गतेदेखि २०८१ वैशाख ५ गतेसम्म सञ्चालन हुने ८ रात ९ दिनको बिस्का जात्रा सांस्कृतिक नगरको गौरव गर्न लायक जात्रा भएको बताउँदै निर्धारित समयमै सुरु गरी समयमै सम्पन्न गर्न जोड दिनुभयो ।

बैठकमा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुरको ऐतिहासिक एवम् सांस्कृतिक महत्त्व बोकेको बिस्का जात्रा इन्जिनियरिङको हिसाबले पनि महत्वपूर्ण रहेको बताउँदै बिस्का जात्रालाई स्थानीय जनताद्वारा अपनत्व ग्रहण गरेको जात्राको रूपमा उल्लेख गर्नुभयो ।

जिल्ला प्रशासन कार्यालय भक्तपुरका प्रजिअ रोशनीकुमारी श्रेष्ठले बिस्का जात्रा अवसर र चुनौती मिश्रित भक्तपुरको ऐतिहासिक जात्रा भएको बताउँदै उहाँले गुठी संस्थानको तालिकाअनुसार जात्रा समयमै सम्पन्न गर्न सबैबाट सहयोग हुने अपेक्षा व्यक्त गर्नुभयो ।

उहाँले बिस्का जात्राको समयमा जात्रा सञ्चालन हुने स्थानहरूमा मदिराजन्य पदार्थहरूको बेचबिखनमा रोक लगाउनु उपयुक्त हुने बताउँदै जात्रा अवधिभर नगरको शान्ति सुरक्षा कायम गर्ने विषयमा जिल्ला प्रशासन कार्यालयले संवेदनशील ढङ्गले काम गर्ने बताउनुभयो ।

बैठकमा गुठी संस्थान भक्तपुरका प्रमुख खिमा ओलीले गुठी संस्थान कार्यालयले बिस्का जात्राबारे गुठी संस्थानको हालसम्मको तयारीबारे अवगत गराउँदै संस्थानले बिस्का जात्रा सञ्चालनबारे तालिका सार्वजनिक गरेको र सोही तालिकाअनुसार जात्रा सञ्चालन भए जात्रा मर्यादित तथा शान्तिपूर्ण ढङ्गबाट सम्पन्न हुने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँ र वडा नं. ४ का वडाध्यक्ष उपेन्द्र सुवालले जात्रा सञ्चालन हुने रुटमा सरसफाइ र सचेतना कार्यक्रमहरू आयोजना हुने उल्लेख गर्दै जात्रामा उच्छृङ्खल गतिविधि

***बाँकी पृष्ठ ८ मा***

## शासक दलका नेताहरूले जनतालाई मूर्ख बनाउने खेल रोक्नुपर्ने

हेटौंडा, १९ चैत । वाग्मती प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेलले विश्वासको मत पाउनुभएको छ । प्रदेशसभामा उहाँले ५६ जना सांसदको मत प्राप्त गर्दै विश्वासको प्राप्त गर्नुभएको हो । वाग्मती प्रदेशसभामा विश्वासको लागि कम्तीमा ५६ मत आवश्यक हुन्छ ।

मुख्यमन्त्री जमकट्टेलले प्रदेशसभामा रहेका एक सय १० सदस्यमध्ये ५६ जनाको मत प्राप्त गर्नुभएको हो । एक सय आठजना प्रदेशसभा सदस्य उपस्थित भएकोमा उहाँलाई सत्ता गठबन्धन दल नेकपा (एमाले) का २७, नेकपा (माओवादी केन्द्र) को २१, नेकपा (एकीकृत समाजवादी) को सात र हाम्रो नेपाली पार्टीका एक गरी ५६ जनाले विश्वासको मत दिएका हुन् ।

नेकाका ३७ जना सांसदले विश्वासको मतको विपक्षमा मतदान



गरेका छन् । राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल र नेपाल मजदुर किसान पार्टी तटस्थ बसेका छन् । राप्रपा नेपालको सभामुखबाहेक १२ र नेमकिपाको तीन मत रहेको छ । प्रदेशसभामा हाम्रो नेपाली पार्टीका एक सदस्य अनुपस्थित छन् ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा संसदीय दलका नेता सुरेन्द्रराज गोसाईले सोमबार बसेको प्रदेशसभाको बैठकमा शासक दलका नेताहरूले जनतालाई मूर्ख र उल्लु बनाउने काम पटक पटक भइरहेकोले अबका दिनमा यसलाई रोक्नुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, “कति जना मन्त्री भयो, को को मन्त्री भए जनतालाई चासो लाग्न छाडेको छ; जनताको हितमा के कस्ता नियम र कार्यक्रमहरू बने त्यो जनताको चासोको विषय हो ।”

मन्त्री भएकाहरू जनताको बिचमा उभिएर, ठाँटिएर हिंड्न सक्ने र गौरवका साथ उभिन सक्ने स्थिति नरहेकोतर्फ सचेत पार्दै उहाँले सरकार बनाउनको लागि भइरहेको गठबन्धन के स्वाभाविक हो भनी प्रश्न गर्नुभयो ।

नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँको भनाइ स्मरण गर्दै सांसद गोसाईले भन्नुभयो, “लोभीपापीहरू कम्युनिस्ट हुनैसक्दैनन्, यदि तिनीहरू आफूलाई कम्युनिस्ट दाबी गर्छन् भने

***बाँकी पृष्ठ २ मा***

## VACANCY ANNOUNCEMENT

We are looking for an experienced, trained, energetic and self-motivated candidates for the following posts.

| S.N. | Level | Nos | Requirements | Salary |
|---|---|---|---|---|
| 1. | Office Assistant | 1 | +2 Passed or Equivalent | Negotiable |
| 2. | Secondary Mathematics Teacher | 1 | Minimum Bachelor or Equivalent | Negotiable |
| 3. | Secondary English Teacher | 1 | Minimum Bachelor or Equivalent | Negotiable |
| 4. | Helper | 1 | Litrate | Negotiable |

Interested candidates are required to apply with their updated CV, recent pp size photo, handwritten application, certificates of academic degrees and training within Chaitra-26, 2080.

**An Undertaking of Bhaktapur Jaycees Public Educational Trust**

**Jaycees Secondary School**

Indrayani Pith, Khauma-2 Bhaktapur
Contact No : 01-6611111, 01-6618307, 9851338688, 9860349103
Email : jayceessecschool@gmail.com

# महिला नेतृत्व तथा उद्यमशीलता उत्प्रेरणा तालिम सम्पन्न



भक्तपुर, १९ चैत । भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि. को महिला सशक्तीकरण उपसमितिको आयोजनामा एकदिने महिला नेतृत्व तथा उद्यमशीलता उत्प्रेरणा तालिम सोमबार सम्पन्न भयो ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि.का अध्यक्ष कृष्णगोविन्द लाखाजुले सिलाइ, कटाइ, बुनाइ, ब्युटिसियनजस्ता सीपमूलक तालिममा सीमित रहेर अहिलेको प्रतिस्पर्धात्मक समयमा महिलाहरू अगाडि बढ्न नसक्ने हुँदा क्षमता अभिवृद्धिका तालिमहरू आवश्यक रहेको बताउनुभयो । सहकारीमा महिला सदस्य र महिला कर्मचारी तुलनात्मकरूपमा पुरुषको भन्दा बढी सहभागिता रहे तापनि पुरुष नेतृत्वकै हाबि भइरहेको अवस्थालाई चिर्न पनि महिला नेतृत्वको आवश्यकता रहेको उहाँले बताउनुभयो । सहकारीको समस्या सामाधान गर्न हाल राज्यले नयाँ सहकारी दर्ता बन्द गरेको र प्रभावकारी नियम नगर्न दोस्रो तहको नियमक निकाय गठन गर्न लागेको उहाँले बताउनुभयो ।

सङ्घका सञ्चालक एवं उपसमितिका संयोजक कृष्णश्वरी मचामसीले महिला दिदीबहिनीहरू आफ्नो खुट्टामा आफैँ उभिन सक्नुपर्ने विचार राख्नुभयो । उहाँले महिलाहरूलाई नेतृत्व र उद्यममा प्रेरित गर्न तालिमको आयोजना गरेको बताउनुभयो ।

मेटिभेसनल स्पिकर डा. ताराप्रसाद गिरीले हामीसँग जे छ त्यसमा सन्तुष्ट हुनुपर्ने र सानो सानो कुरामा ध्यान दिनुपर्ने बताउनुभयो । उहाँले समाज बदलिन आफूले आफूलाई नै पहिले बदलिनुपर्ने बताउनुभयो । उहाँले आदर्श व्यक्ति बन्न विभिन्न तरिका र कुरा समयअनुसार हार नखाई बाधा, अवरोधका चरणहरू पार गरेर जीवनलाई सही ढङ्गले अगाडि बढाउनुपर्ने बताउनुभयो ।

सहजकर्ता सुन्दरश्याम घिमिरेले सीप विकास तालिम र उद्यमशीलता तालिमबिच भिन्नता रहेको बताउँदै उद्योगको महत्त्व, जोखिम र समस्याहरूको बारेमा बताउनुभयो ।

महिला सशक्तीकरण उपसमिति सदस्य सुवर्णप्रभा गुरागाईले धन्यवाद मन्तव्य दिँदै तालिममा महिलाहरूलाई जोड दिने कुरा राख्नुभयो । उहाँले आफूभित्र लुकेको प्रतिभालाई उजागर गर्न यस उत्प्रेरणात्मक तालिमले सहयोग गर्ने बताउनुभयो । उपसमितिका सदस्य निर्जला ढुङ्गेलले पनि बोल्नुभएको थियो ।

# भू-माफियाले कृषियोग्य भूमि प्लानिङ गर्नु सहरीकरण होइन

सुर्खेत, १९ चैत । वीरेन्द्रनगर वडा नम्बर ९ मा किसान र मजदुरहरूको शनिबार भेला भयो । भेलामा नेपाल मजदुर किसान पार्टी सुर्खेतका अध्यक्ष हरिबहादुर बोहराले व्यवस्थित सहर बसाल्नुपर्नेमा सो विपरीत जग्गा दलालहरूले कृषियोग्य भूमि प्लटिङ गरिरहेका छन् भन्नुभयो ।

सरकारले कृषिलाई प्राथमिकता नदिँदा नेपाली भूमि बाँझो भइरहेको र भारतबाट तरकारीलगायत अन्न आयात गर्नु परिरहेको छ भन्दै यस्तो हुनुमा सरकारमा जाने पार्टीहरू दोषी रहेको बताउनुभयो ।

नेमकिपा वीरेन्द्रनगर नगर समितिका अध्यक्ष शेरबहादुर शाहीले पार्टीका साथीहरूले व्यक्तिगत स्वार्थभन्दा माथि उठेर देश र जनताको सेवा गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय सदस्य अकल राना, नेपाल क्रान्तिकारी मजदुर सङ्घ प्रथम जिल्ला सम्मेलन तयारी समितिका संयोजक निरकबहादुर शाही, लोकबहादुर शाही, देवीराम सिजापति, समीक्षा दाहालगायतले बोल्नुभएको थियो ।

# महिला फुटबल टोली सम्मानित

काठमाडौँ, १९ चैत । नेपाल स्पोर्ट्स फेलोसिपले नेपालको महिला फुटबल टोलीलाई नगदसहित सम्मान गरेको छ । गत फागुनमा साउदी अरेबियामा भएको पश्चिमी एसियाली गल्फ राष्ट्रहरूले खेल्ने वाफ महिला फुटबल च्याम्पियनसिपमा उपविजेता बनेको नेपाली टोलीले देशको नाम उच्च पारेको भन्दै फेलोसिपले 'इस्टर फेस्ट फेलोसिप २०२४' अन्तर्गत सम्मान गरेको हो । सम्मानस्वरुप नेपाली महिला फूटबल टोलीले रु. ७५ हजार र उपहार प्राप्त गरेका छन् ।

वाफ च्याम्पियसिपको फाइनल खेलमा नेपाल जोर्डनसँग टाइब्रेकरमा ५-३ गोलअन्तरले पराजित भएको थियो । उक्त च्याम्पियनसिपमा समूह 'ए' को विजेता नेपालले लेबनानलाई पराजित गर्दै फाइनल यात्रा तय गरेको थियो । कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद् ( राखेप) का सङ्घ संस्था समन्वय शाखाका प्रमुख चन्द्रकुमार राईले वाफ महिला च्याम्पियनसिपको उपविजेता बनेको नेपाली महिला फुटबल टोलीलाई बधाई दिनुभयो ।

उहाँले नेपालमा खेल पूर्वाधारको कमी रहेको चर्चा गर्नुभयो ।

राईले स्वास्थ्य र राष्ट्रको गौरवसँग जोडिएको खेलकुदको विकासमा जोड दिन सके मात्र मुलुकको भविष्य उज्वल हुने भनाइ व्यक्त गर्नुभयो । खेलकर्मीको भेलाको रुपमा आयोजना गरिएको उक्त कार्यक्रममा नेपालका सबैजसो खेलका करिब एक सयभन्दा बढी खेलाडी, प्रशिक्षक र व्यवस्थापकको उपस्थिति थियो ।

# पर्यावरणको लागि मधुमाखीको महत्त्व

काठमाडौँ, १९ चैत । नेपालको पर्यावरणमा मधुमाखीहरूको महत्त्वलाई अब अझै एकपटक जागृति गरिएको छ । मधुमाखीहरू पोलिनेसनको प्रमुख स्रोत हुन्, जसले वन्यजन्तुहरूको विविधता र वनस्पतिहरूको उत्पादनमा महत्त्वपूर्ण भूमिका खेल्छन् ।

वन्यजन्तुहरूको जीवनमा मधुमाखीहरूको योगदान पर्यावरणीय सन्तुलनमा महत्त्वपूर्ण छ । यसैले, वन्यजन्तुहरूको संरक्षण र उनीहरूको आवासको रक्षा गर्नका लागि मधुमाखीहरूको संरक्षणलाई महत्त्वपूर्ण मानिन्छ ।

मधुमाखीहरूको अभावले प्राकृतिक परिस्थितिमा असन्तुलन पर्ने खतरा ल्याउँछ । यसैले, उनीहरूको संरक्षणले पर्यावरणीय सन्तुलन र वन्यजन्तुहरूको संरक्षणमा महत्त्वपूर्ण भूमिका खेल्ने आवश्यकता रहेको छ ।

नेपालमा मधुमाखीहरूको संरक्षण र प्रचारको लागि नेपाल सरकारले साझा उद्यम र कदमहरू अगाडि बढाउनेबारे घोषणा गरेको छ ।

*नेपाल...*

**विद्युतीय व्यापार प्रणालीसँगै आन्तरिक उत्पादन बढाउनु जरुरी**

विद्युतीय व्यापार विधेयकका केही सैद्धान्तिक विषय राख्न चाहन्छु ।

विद्युतीय व्यापार प्रणालीमा जानुअगाडि नेपालको आन्तरिक उत्पादन बढाउनु जरुरी छ । अन्यथा संसारभरिका ठूला व्यापारीहरूको सामान बेच्ने प्रणालीलाई यो विधेयकले मार्ग प्रशस्त गर्नेछ । नवउदारवाद अर्थात् आक्रामक पुँजीवाद यो विधेयकमार्फत नेपालमा प्रवेश गर्नेछ ।

यो विधेयक विश्व व्यापार सङ्गठनसँग सम्बन्धित भएकोले विश्व व्यापार सङ्गठनका ठेली अध्ययन हुनु जरुरी छ । विश्व व्यापार सङ्गठनले अन्तर्राष्ट्रिय व्यापारलाई उदारीकरण गर्न सन् १९९८ मा विद्युतीय व्यापार प्रणाली अगाडि सारेको हो । विश्व व्यापार सङ्गठनअन्तर्गतको विद्युतीय व्यापारको प्रवर्द्धनलाई आलोचनात्मकरूपमा हेर्ने देशहरू पनि धेरै छन् ।

विद्युतीय व्यापार विज्ञान र प्रविधिसँगै विकास भएको हो । यो विधेयकलाई कार्यान्वयन गर्न सरकारले केही पूर्वाधार तयार गर्ने प्रतिबद्धता गर्नु जरुरी छ । यो व्यापारको सहयोगी हार्डवेयर, सफ्टवेयर, टेलिफोन, मोबाइल, कम्प्युटर, प्रिन्टर, वाइफाईलगायत उपकरण नेपालले उत्पादन गर्ने र इन्टरनेट, इमेलको लागि आफ्नै भूउपग्रह विकास गर्नेतर्फ सरकारको जोड हुनु जरुरी छ । जनतालाई विद्युतीय व्यापारबारे शिक्षित पार्नुपर्छ । विद्यालय शिक्षा नि:शुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा नि:शुल्क गरिए विद्युतीय व्यापारलाई सहयोग पुग्छ । जगबिनाको घर बलियो हुँदैन भनेझैँ जनता शिक्षित र सचेत नभए सहरका मान्छेले मात्रै यो प्रणालीको उपयोग गर्नेछ ।

सरकारले सिलिकन भ्याली ( उपत्यका) अर्थात् आइटी पार्क वा आइटी औद्योगिक क्षेत्रको विकास गर्नु जरुरी छ । नेपालका इन्जिनियरिङ कलेजहरूलाई विद्युतीय व्यापारलाई आवश्यक पूर्वाधार बनाउन सरकारले सहयोग गर्नुपर्दछ । हाम्रा विद्यार्थीहरू विदेश गएर विद्युतीय व्यापारसम्बन्धी आवश्यक सबै सामग्री, उत्पादन नेपालमा भएका २०/२५ वटा इन्जिनियरिङ कलेजहरूलाई सरकारले सहयोग गरेर यो प्रणालीका सामग्री उत्पादन गराउनु जरुरी छ ।

विश्व व्यापार सङ्गठनमा सदस्य भएकै कारण विद्युतीय व्यापार प्रणालीमा जानु गलत हो । विद्युतीय व्यापारको सफ्टवेयर, हार्डवेयरलगायत सबै सामान धान, चामलजस्तै विदेशबाट ल्याएर नेपाल आत्मनिर्भर हुँदैन, परनिर्भर हुन्छ । विदेशीले नाफा र आम्दानी गर्नेछ । नेपाली युवालाई वैदेशिक रोजगारीमा पठाइएबापत प्राप्त विदेशी मुद्रा विद्युतीय व्यापार प्रणालीको कारण विदेशमै फिर्ता हुनेछ । विधेयकमा हार्डवेयर, सफ्टवेयर र स्याटलाइट १० वर्षमा नेपालमै उत्पादन गर्ने प्रतिबद्धता हुनुपर्दछ । विधेयकको उद्देश्यमा निर्यात प्रवर्द्धन, लघु उद्योग, साना उद्योग, मझौला उद्योगको उत्पादन अभिवृद्धि भनिएको छ, यो सत्य होइन । घरेलु तथा साना उद्योगलाई कुल कर्जाको २ प्रतिशतमात्रै दिइएको यो ऋणलाई ५० प्रतिशत पुर्‍याउनु पर्छ । बैङ्क तथा वित्तीय संस्थाको सञ्चालन पूर्णरूपले सरकारले गर्ने प्रावधान भए विद्युतीय व्यापार प्रणाली नियमन गर्न मद्दत पुग्नेछ । सरकारका प्रम र मन्त्रीहरूले कर्मचारी र आफ्ना कार्यकर्ताहरूलाई इमानदार नबनाएमा विद्युतीय व्यापार शुद्ध हुनेछैन । इमान नभएका कर्मचारी र शासक दलका कार्यकर्ताको कम्प्युटर ह्याकिङ र क्र्याकिङ हुने सम्भावना छ । हाम्रो सुझाव समेटेर अर्को विधेयक ल्याउन मन्त्रीलाई सुझाव दिन्छु ।

***(नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले २०८० चैत १९ गते प्रतिनिधिसभामा विद्युतीय व्यापार विधेयक, २०८० को सैद्धान्तिक विषयको छलफलमा राख्नुभएको विचार । यो विधेयकमा सैद्धान्तिक छलफल सकिएको प्रस्ताव बैठकमा पेस हुँदा सांसद सुवालले विपक्षमा मत दिनुभयो - सं)***

**पेरुमा जस्तै नेपालका प्रधानमन्त्री र मन्त्रीको घरमा छापा मार्नु पर्दैन ?**

देश र जनताको हितका केही विषयमा संसद् र सरकारको ध्यानाकर्षण गराउँदछु :

भ्रष्टाचारको अनुसन्धानको क्रममा पेरुका राष्ट्रपति डिना बोलुआर्टको घरमा चैत १७ गते सरकारी अधिकारीहरूले छापा मारेको समाचार छ । यसअघि पेरुका राष्ट्रपतिले विलासी घडी लगाएको बारेमा रिपोर्ट प्रकाशित भएको थियो ।

'नयाँ पत्रिका' दैनिक मा '२५ पैसा पर्ने स्टिकर ४३ करोड ३२ लाख थान छाप्न ९० पैसाका दरले लगाइएको थियो ठेक्का', 'इम्बोस्ड नम्बर प्लेट ४० अर्ब १६ करोड ७९ लाख ५० हजारमा सम्झौता गरिएको तर ढिलो कार्यान्वयनको कारण एक अर्ब रुपैयाँ थप व्यय भार परेको' समाचार प्रकाशित भयो ।

'बर्दघाट सुस्ता पश्चिममा पाँच करोडमा बनेको शीतभण्डार उपयोगविहीन', 'साउदी अरबस्थित नेपाली दूतावासमा अनियमितता', '६ महिनामै उप्कियो लोकमार्गमा कालोपत्र' लगायत समाचार पनि सञ्चारमाध्यममा छापिएका छन् । यी अनियमितता कुन प्रधानमन्त्री र मन्त्रीका पालामा भएका हुन् ? पेरुमा जस्तै हाम्रो देशका प्रधानमन्त्री र मन्त्रीहरूको घरमा छापा मार्ने काम किन भएन ?

भारत सरकारले गहुँ र चामल बिक्रेताहरूलाई अप्रिल १ देखि प्रत्येक शुक्रबार भण्डारण स्थिति सार्वजनिक गर्न आदेश जारी गर्‍यो । भारतबाट आयातमात्र गर्न जानेको नेपाल सरकारले यहाँको धान, गहुँ, चामल, तरकारीलगायत भण्डारणबारे बिक्रेताहरूलाई सार्वजनिक गर्न आदेश गर्नुपर्दैन र ?

संवैधानिक परिषदको चैत १८ गते बसेको बैठकमा सत्ता पक्ष र प्रमुख विपक्षीबिच पद भागबन्डा हुन लागेको जनगुनासो छ । न्यायालयका केही फैसला विवादित भएको जनगुनासोबारे संवैधानिक परिषद्मा छलफल किन भएन ? हिजो लुकेर पार्टीमा लाग्नुपर्थ्यो । संशोधनवाद शब्दमा सीमित थियो । अहिले संशोधनवाद व्यवहारमा देखियो । मजदुर आन्दोलनभित्र देखापरेको पुँजीवादी विचार संशोधनवाद हो ।

दोस्रो विश्वयुद्धमा हिन्दुस्तानका क्रान्तिकारीहरू रुसमा पुगेर बेलायतविरुद्ध सङ्घर्ष गर्न खोज्दा रुसीले रोक्यो । त्यसबेला बेलायत, रुस, संरा अमेरिकाको सम्झौता थियो । नेपालमा सत्ता गठबन्धन गरेका शासक दलहरू उपनिर्वाचनमा अलग उम्मेदवार घोषणा गर्छन् । सत्ता गठबन्धन गरेकाहरूले एकले अर्कोलाई घात गर्छन् भने सत्ता गठबन्धनलाई जनताले कसरी विश्वास गर्ने ?

संसद् चालू रहँदा तीनपटक बिजुली अवरुद्ध भयो । भएभरको नेपालको जलविद्युत् परियोजना भारतलाई दिनुको परिणाम हो यो । अन्तरव्यवस्थापिका सङ्घ आईपीयूको जेनेभा सम्मेलनमा सहभागी सङ्घीय संसद्को टोलीका सदस्यलाई सम्मेलनको उपलब्धि के कस्तो भयो ? संसदमा बोल्न दिनु जरुरी छ ।

कुल कर्जा प्रवाहको पचास प्रतिशत साना तथा घरेलु उद्योगलाई दिने व्यवस्था भएमात्र देशको अर्थतन्त्र आत्मनिर्भर हुनेछ ।

***(नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले २०८० चैत १८ गते प्रतिनिधिसभाको विशेष समयमा राख्नुभएको मन्तव्यको सार-सं)***

*शासक...*

तिनीहरू कम्युनिस्ट नै होइनन् । यस भनाइप्रति कम्युनिस्ट दाबी गर्नेहरूले आत्मसमीक्षा गर्नैपर्छ ।"

नेपालको राजनीतिक आन्दोलनमा नेमकिपाको अलगै पहिचान रहेको चर्चा गर्दै उहाँले राजनीतिक धर्म र मान्यताको विषयमा नेमकिपा सधैँ बहस गर्न तयार रहेको बताउनुभयो ।

सत्तारोहणको लागि राजनीतिक घात प्रतिघात अति भइसकेकोले यस्तो चलखेल सदाको लागि अन्त्य गर्नुपर्नेमा जोड दिँदै सांसद गोसाईंले भन्नुभयो, "देश बेहाल स्थितिमा पुगेको छ । नेपालको खास सङ्कट भनेको नैतिकताको सङ्कट हो । नैतिकताको सङ्कटकै कारण राजनीतिक र आर्थिक सङ्कट निम्तिएको हो ।"

एक मनोचिकित्सकको भनाइलाई स्मरण गर्दै सांसद गोसाईंले भन्नुभयो, "सधैँ पद र पैसाको कुरा गर्ने र पद र पैसाको लागि मरिहत्ते गर्नु एकप्रकारको मनोरोग हो, मनोरोग एक प्रकारको पागलपन हो । यसतर्फ शासक पार्टीहरू सचेत हुनैपर्छ ।"

नेमकिपाले विगत ३३ वर्षदेखि नेपालको संसदीय व्यवस्थामा प्रखर प्रतिपक्षको भूमिका निर्वाह गरिरहेको र गरिरहने स्पष्ट पार्दै उहाँले विश्वासको मतमा नेमकिपा तटस्थ बस्ने बताउनुभयो ।

नेकपा (एकीकृत समाजवादी) लाई मुख्यमन्त्री आलोपालो गर्ने सहमतिपछि विश्वासको मत दिन तयार भएको बताइएको छ । दुई प्रदेशसभा सदस्य रहेको हाम्रो नेपाली पार्टीबाट शैलेन्द्र बज्राचार्यले मात्र विश्वासको मत दिनुभएको छ ।

सरकारमा सहभागी दलले समर्थन फिर्ता लिएमा नेपालको संविधानको धारा, १८८ को उपधारा २ अनुसार मुख्यमन्त्रीले प्रदेश सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा ३० दिनभित्र विश्वासको मत लिनुपर्ने व्यवस्था छ । काङ्ग्रेसले विश्वासको मत फिर्ता लिएको चैत २२ गते ३० दिन पुग्दै छ ।

यसअघि पहिलो पटक एमाले, माओवादी केन्द्र, राष्ट्रिय प्रजातन्त्र पार्टी, एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीका ७० प्रदेशसभा सदस्यको समर्थमा २०७९ साल पुस २५ गते मुख्यमन्त्री बनेका थिए ।

सङ्घ सरकारमा समीकरण परिवर्तनसँगै उहाँले दोस्रो पटक २०७९ साल चैत १० गते विश्वासको मत लिनुभएको थियो ।

# भेरी करिडोरको सतह चाँडै छिचोलिने

काँक्रेविहार (सुर्खेत), १९ चैत । भेरी करिडोरअन्तर्गत जाजरकोट-डोल्पा सडकखण्डको ठेक्का लाग्न बाँकी रहेको ६२ किलोमिटर सतह चाँडै छिचोलिने भएको छ । करिडोरको एक सय ११८ किलोमिटरमध्ये ५६ किलोमिटरमा कालोपत्रको काम भइरहेको छ भने तल्लुदेखि दुनैसम्मको ६२ किलोमिटरमा नेपाली सेनाले खोलेको ट्र्याकमाथि नै यातायातका साधन सञ्चालन भइरहेका छन् ।

भेरी करिडोर आफैँले सतह काट्न लागेको करिडोरका प्रमुख सुनिल रञ्जितकारले जानकारी दिनुभयो । दुनैदेखि ल्यासिक्यापसम्मको सडकमा निर्माण व्यवसायीले काम सुरु गरेका छन् । बिचमै काम छाडेर अधुरै रहेको यो सडक खण्डमा पुन: काम प्रारम्भ भएको हो । डोल्पाका प्रमुख जिल्ला अधिकारी तुलसीप्रसाद दाहाल तथा सुरक्षा निकायको टोलीले उक्त सडक खण्डको अनुगमन गरेर काममा तीव्रता दिन निर्देशन दिएको छ । बिचैमा काम छाडेमा ठेक्का तोडिने आयोजना प्रमुख रञ्जितकारले बताउनुभयो ।

तल्लुस्थित भेरी नदीको बेलिब्रिज पुल निर्माणको काम पनि अन्तिम चरणमा पुगेको छ । उक्त पुल निर्माण हप्ता दिनभित्रै पूरा हुने आयोजनाले जनाएको छ । सो क्षेत्रमा अन्य पाँच पुलको काम भने बाँकी नै छ । भेरी करिडोरको ६२ किलोमिटरमा कालोपत्र गर्न हाललाई बजेट अभाव भएको आयोजना प्रमुख रञ्जितकारले बताउनुभयो ।

“चालु आर्थिक वर्ष २०८०/८१ मा रु ५० करोडको बजेटमार्फत काम भइरहेको छ,” उहाँले भन्नुभयो । ठेक्का लिने तर बिचमै काम छाड्ने गरेका कारण करिडोरको काम समयमै सम्पन्न हुन नसकेको हो । सडक जतिसक्दो चाँडो निर्माण हुनेछ, त्यति नै छिटो जाजरकोट र डोल्पामा निर्माणाधीन विकास निर्माणका कामले गती पाउने छन् । यसबाट जगदुल्ला जलविद्युत् आयोजना, नलगाड जलविद्युत् आयोजना, ताक्सुगाड जलविद्युत् आयोजनालगायतको काममा सहज हुने बताइएको छ । **रासस**



**बाढीले उजाडिएको कागबेनी**
गत असारको बाढीले भौतिक संरचनामा ठूलो क्षति पुगेको मुस्ताङको वारागुङ-मुक्तिक्षेत्र गाउँपालिका-४ को कागबेनी बजार क्षेत्र । कागखोलामा आएको बाढी बस्तीमा पसेर उजाडिएको कागबेनी बस्ती संरक्षण र पुन:निर्माणको पर्खाइमा छ । *तस्बिर: सन्तोष गौतम/ रासस*

# दुर्घटनाका घाइते भन्छन्, मोटरसाइकल जोगाउन खोज्दा जीप भिरमा खस्यो

कास्की, १९ चैत । कास्कीको अन्नपूर्ण गाउँपालिका-५ सल्यान घर भई पोखरामा अध्ययन गर्दै आउनुभएकी १५ वर्षीया सोनिसा सुनारको कक्षा ९ को वार्षिक परीक्षा सकिएको थियो । उहाँ सिमपानीस्थित स्पाइरल ग्यालेक्सीमा अध्ययन गर्नुहुन्छ । परीक्षा सकिएकाले आमा सुशीला, बुवा प्रकाश र २२ महिनाको भाइ सुप्रिमसँगै उहाँ घर सल्यान जादै हुनुहुन्थ्यो । वैदेशिक रोजगारीमा रहेका बाबु प्रकाश केही दिनअघि मात्र आउनुभएकाले परिवारमा छुट्टै रमाइलो थियो । बिदाको समय घर र मामाघरमा बसेर बिताउने तथा रमाइलो गर्ने योजना थियो । तर, सोनियाको त्यो चाहना पूरा हुन सकेन ।

घर जानका लागि चारैजना चढेको ग१ज ५५४७ नम्बरको जीप आइतबार दिउँसो अन्नपूर्ण गाउँपालिका-४ भदौरेमा सडकबाट दुई सय ५० मिटर तल खसेर दुर्घटना भयो । दुर्घटनापछि घाइते चारै जनाको अहिले मणिपाल शिक्षण अस्पतालको आकस्मिक कक्षमा उपचार भइरहेको छ ।

पोखराको हरिचोक सल्यान रुटमा चल्ने जीप दुर्घटनामा दुई जनाले ज्यान गुमाएका छन् । घटनामा १० जना घाइते भएका छन् । दुर्घटनामा घाइते सोनिसाको हात र खुट्टामा चोट छ भने परिवारका अन्य सदस्यको अवस्था मध्यम छ । सोनिसा जीपको अघिल्लो सिटमा हुनुहुन्थ्यो । ग्रामीण सडक भए पनि जीपको गति तीव्र थियो । “सल्लाघारीको डाँडाको ओरालो घुम्तीमा पुगेपछि विपरीत दिशाबाट एउटा मोटरसाइकल आयो । मोटरसाइकल तीव्र गतिमा थियो । घुम्तीमा मोटरसाइकलाई जोगाउन खोज्दा जीप भिरमा खस्यो,” सोनिसाले दुर्घटनाबारे बताउनुभयो ।

घुम्तीमा दायाँ मोडिनुपर्ने जीप बायाँ मोडिएर भिरबाट तल खसेको थियो । दुर्घटनापछि स्थानीयले उद्धार गरी अस्पताल ल्याएको सोनिसाको भनाइ छ । “दुर्घटनापछि पनि म पूरै होसमा थिएँ । हामीलाई गाउँकै अन्यले उद्धार गरी अस्पतालमा ल्याउनुभएको हो,” उहाँले भन्नुभयो । सो जीप दुर्घटनामा पोखरा-२३ कार्कीतगराका ५५ वर्षीय लक्ष्मण सुनार र ५२ वर्षीय जयराम सुनारको मृत्यु भएको छ ।

घटनामा पोखरा-२३ का ६० वर्षीय रामप्रसाद सुनार, अन्नपूर्ण गाउँपालिका-४ की ५० वर्षीया देउमाया केसी, सोही ठाउँका २२ वर्षीय धनराज सुनार, पोखरा-२३ का ५८ वर्षीय लक्ष्मण कामी, सल्यानका सात वर्षीय आरुष विक र ४१ वर्षीय राजकुमार विक घाइते भएको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ । घाइतेमध्ये ६ जनाको मणिपाल र अन्यको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा उपचार भइरहेको छ । **रासस**

# पर्सा राष्ट्रिय निकुञ्जको खोरमा बाघको मृत्यु

वीरगञ्ज (पर्सा), १९ चैत । पछिल्लो केही महिनाको अवधिमा पर्सा राष्ट्रिय निकुञ्जको खोरमा राखिएका तीन बाघको मृत्यु भएको छ ।

चितवन राष्ट्रिय निकुञ्ज र पर्साको ठोरीबाट उद्धार गरी ल्याइएका एउटा पोथी र दुई वटा भाले बाघको मृत्यु भएको हो । बाघको मृत्युसँगै पर्सा राष्ट्रिय निकुञ्जको खोर खाली भएको छ । पछिल्लोपटक गत असार २३ गते चितवन राष्ट्रिय निकुञ्जबाट उद्धार गरी ल्याइएको आठ वर्षको वयस्क भाले बाघको मृत्यु भएको पर्सा राष्ट्रिय निकुञ्ज प्रशासनले जनाएको छ ।

केही दिनदेखि बिरामी परेको बाघलाई खोरमा आहार दिन जाने क्रममा मृत्यु भएको अवस्थामा भेटिएको पर्सा राष्ट्रिय निकुञ्जका सूचना अधिकारी सन्तोष र भगतले जानकारी दिनुभयो । दुई महिनाअघि पर्सा राष्ट्रिय निकुञ्जको खोरमै राखिएको दुई बाघको मृत्यु भएको थियो । दुई बाघ राख्नसक्ने क्षमता रहेको पर्सा राष्ट्रिय निकुञ्जको खोरमा तीन वटा बाघ राख्दा अत्यन्तै दुर्गन्ध फैलिएको र साँघुरो भएकाले बिरामी परेर बाघको मृत्यु भएको हुनसक्ने पर्सा राष्ट्रिय निकुञ्ज प्रशासनको भनाइ छ ।

उद्धार गरेर लामो समयसम्म खोरमा राख्नु परेकाले बिरामी भएर बाघको मृत्यु भएको निकुञ्जका प्रमुख संरक्षण अधिकृत रामचन्द्र खतिवडाले बताउनुभयो । सन् २०२२ को गणनाअनुसार पर्सा राष्ट्रिय निकुञ्जमा ४१ दुर्लभ पाटेबाघ रहेका छन् । **रासस**

# पेट्रोलियम पदार्थ उत्खनन गर्ने उपकरणसहितका सामान दैलेख पुर्‍याइयो

दैलेख, १९ चैत । दैलेखको पेट्रोलियम पदार्थ उत्खननको अन्तिम अन्वेषणको कार्यका लागि पहिलो चरणमा उत्खननमा प्रयोग हुने उपकरणसहितका सामान यहाँ पुर्‍याइएको छ । चीनदेखि कोलकत्ता हुँदै रूपैडिया नाकाबाट सामानसहितका पाँच वटा साना ट्रक पहिलो चरणमा दैलेख पुगेका छन् ।

पेट्रोलियम पदार्थ उत्खननका लागि चीनबाट कोलकत्ता हुँदै ल्याइएका उपकरण दैलेख पुग्नासाथ चौबिसै घण्टा काम अगाडि बढाइने बताइएको छ । ठूला ट्रकहरूका लागि भने कर्णाली राजमार्गको केही खण्ड र मध्यपहाडी सडकसम्म जोड्ने खण्डमा मोड नपुगेका कारण कर्णाली राजमार्गमै रोकिएका छन् । रोकिएका ट्रक पास गर्न सडकको मोड व्यवस्थापन गर्ने कार्य तीव्र पारिएको छ ।

भारतको रूपैडिया नाकाबाट करिब एक सय ५० बढी ट्रक दैलेखका लागि हिँडिसकेको जनाइएको छ । अगाडि आएका सामान अनलोड गर्दै धमाधम जडानको काम सुरु गरिएको छ । सुरक्षा व्यवस्थालगायतका अन्य कामका बारेमा दैलेखका प्रमुख जिल्ला अधिकारी खिमराज भुसालले आयोजनास्थलको अनुगमन गर्नुभएको छ ।

कामले तीव्रता लिएको र तोकिएकै समयमा काम सक्नेगरी सबै सुरक्षा व्यवस्थाका काम सुरु गरिसकेको प्रमुख जिल्ला अधिकारी भुसालले बताउनुभयो । स्थानीयले जग्गा प्रदान गर्ने बेलादेखि नै रोजगारी दिनुपर्ने, समस्या परेका घरहरूलाई थप सहयोग गर्नुपर्नेलगायतका माग सम्बोधनको चरणमा रहेको र पेट्रोलियम पदार्थको प्रशोधन दैलेखमै हुनुपर्ने दैलेखका बासिन्दाको माग रहेको भैरवी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भुपेन्द्र थापाले जानकारी दिनुभयो ।

आइतबारदेखि नै स्थानीय ११ युवा रोजगारी पाएसँगै काममा लागेका छन् । भैरवी-१ जलजलेका स्थानीय जनक थापासहित ११ जना काममा लागेका छन् । आफूहरूले स्थानीयस्तरमै रोजगारी पाए भारत नजाने थापाले बताउनुभयो । नेपाल सरकार र चीन सरकारसँग भएको 'जिटुजी' सम्झौताअनुसार सुरु गरिएको पेट्रोलियम अन्वेषणको नतिजा सकारात्मक आए नेपालमा समृद्धिको नयाँ ढोका खुल्ने दैलेख उद्योग वाणिज्य सङ्घका अध्यक्ष कुलबहादुर विकले बताउनुभयो ।

अन्तिम अन्वेषणका लागि करिब चार किलोमिटर जमिन मुनिसम्म 'ड्रिलिङ' गरिनेछ । ड्रिलिङपश्चात् पेट्रोलियम पदार्थ र ग्यास भण्डारण कति छ भन्ने पत्ता लाग्नेबित्तिकै अर्को प्रक्रियामा जाने तयारी हुने खानी तथा भूगर्भ विभागका अन्वेषण परियोजना प्रमुख दिनेशकुमार नापितले जानकारी दिनुभयो । **रासस**

# खखडेहरा पर्व : भलमन्साको घरमा होलि

महेन्द्रनगर (कञ्चनपुर), १९ चैत । कैलाली र कञ्चनपुरमा मात्रै बसोबास रहेका राना थारु समुदायले भव्यरूपमा परम्परागत खखडेहरा पर्व मनाइरहेका छन् ।

होलीको आठौँ दिन राना थारु समुदायले गाउँका भलमन्साको घरमा होली खेलेर मनाउनुका साथै घरघरमा पुगेर फगुवा माग्ने प्रचलन रहेको छ । कञ्चनपुरको बेदकोट नगरपालिका-९ सुन्दरपुरका राना थारु समुदायका भलमन्सा नरेन्द्र रानाले परम्परागतरूपमा खखडेहरा पर्व मनाइरहेको भए पनि पछिल्लो समय सुदूरपश्चिम प्रदेश सरकारले बिदा दिएर आफ्नो समुदायको कला, संस्कृति र पर्वप्रति सम्मान गरेको भन्दै खुसी व्यक्त गर्नुभयो ।

थारु समुदायमा खखडेहरा पर्वका अवसरमा होलीलाई अर्को वर्ष खेल्न पाउने गरी बिदाइ गर्ने प्रचलन छ । राना थारु समुदायका महिलाले भने होली चैत महिनाको चराइँ पर्वमा पठाउने चलन रहेको भलमन्सा रानाले बताउनुभयो । उहाँले भन्नुभयो, “योपटक चराइँ मिलन कार्यक्रम वैशाखमा परेको छ । चराइँमासमेत पूजाअर्चनाका साथै भोजन गराउने गरिन्छ ।”

खखडेहरा पर्वमा सोमबार बिहानै राना थारु समुदायका अगुवाले घरघरबाट पूजा सामग्री सङ्कलन गरेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “खखडेहरामा पूजा गर्न सात प्रकारको अन्न सङ्कलन गरिएको छ । गाउँमा रहेका भलमन्सा, चाकर, भर्रालगायतले गाउँको चौबाटोमा विधि विधानअनुसार पूजा गरिसकेपछि हडिया, खप्टा, घोडाको मूर्ति, दियोलगायत फोड्ने चलन छ ।”

त्यसैगरी, बेदकोट-९ का चाकर पदमा नियुक्त रामस्वरूप रानाले खखडेहरा पूजाका क्रममा गाउँका निश्चित व्यक्ति सहभागी हुने गरेको बताउनुभयो । उहाँले भन्नुभयो, “राक्सी प्रवृत्तिलाई भगाउन जाने भएकाले फोडेर फर्कने क्रममा पछाडि फर्केर हेर्दैनन् । फर्केर हेरेमा सँगै घर फर्कने र अनिष्ट निम्त्याउने किंवदन्ती छ ।”

सो पर्व मनाउने क्रममा साँझपख हरेक राना थारु समुदायको घरमा पुगेर फगुवा माग्ने गरिन्छ । रानाले भन्नुभयो, “फगुवामा इच्छाअनुसारको नगद रकम दिने र फगुवा माग्नेले साँझ रमाइलो गर्दै भोज खाने गर्छन् । साँझपख महिला र पुरुषले परम्परागत श्रृङ्गार गरी होली खेल्ने गरिन्छ ।”

खखडेहरा पर्वमा गरिने पूजाअर्चनाले अन्नबाली सप्रने, रोगव्याधि हट्ने, गाउँमा खुसीयाली छाउने भन्ने जनविश्वास रहेको रानाको भनाइ छ । खखडेहरा पर्वका अवसरमा सोमबार सुदूरपश्चिम प्रदेश सरकारले सार्वजनिक बिदासमेत दिएको छ । रानाथारु समुदायले जिउँदो र मरेको होली गरी दुई प्रकारको होली मनाउने गर्दछन् ।

होली पर्वको रानाथारु समुदायमा धार्मिक तथा सांस्कृतिक महत्व रहेको छ । दैत्य हिरण्यकश्यपले शक्ति दुरूपयोग गरेर आफ्नै छोरा प्रह्लादलाई मार्न खोज्दा सत्यको जीत भएको र असत्यको पक्षमा रहेकी हिरण्यकश्यपकी बहिनी होलीका आगोमा भष्म भएको सम्झनामा रानाथारुले होरी पर्व मनाउँछन् । **रासस**

# किच्चकबधमा भेटियो दरबारको ऐतिहासिकता दर्शाउने भग्नावशेष

बनियानी (झापा), १९ चैत । झापाको भद्रपुर नगरपालिका-३ स्थित धार्मिक तथा ऐतिहासिकस्थल किच्चकबधमा एउटा पूर्ण दरबारको ऐतिहासिकता दर्शाउने भग्नावशेष फेला परेको छ ।

पुरातत्त्व विभागको टोलीले सातौँ पटक गरेको उत्खननका क्रममा उक्त भग्नावशेष फेला परेको पुरातत्त्वविद् उद्धव आचार्यले जानकारी दिनुभयो । भद्रपुर-३ पृथ्वीनगरस्थित देउनिया नदी र मेची नदीको किनारमा रहेको किच्चकबधको ऐतिहासिकता प्रमाणित गर्न पुरातत्त्व विभागको यही चैत २ गतेदेखि १८ गतेसम्म सातौँ पटक उत्खनन गरेको थियो ।

पुरातत्त्वविद् आचार्यको नेतृत्वमा पुरातत्त्व विभागका अधिकृत नवराज अधिकारी, इन्जिनियर रोशनी महर्जन, प्राविधिक सहायक महेशबाबु शर्मा राजोपाध्याय र फोटोग्राफर राजन पौडेलले उत्खनन गर्नुभएको थियो । पहिलोपटक पुरातत्त्वविद् आचार्यको नेतृत्वको टोलीले विसं २०५८ मा किच्चकबधमा उत्खनन सुरु गरेको थियो ।

हालसम्म गरिएको उत्खननका क्रममा किच्चकबधको उत्तरपूर्वमा एउटा बहुतले ठूलो भवन, ठूलो भवनकै केही दक्षिणमा अर्को भवन, सोही भवनकै उत्तर-पश्चिम छेउमा सेन्ट्री बस्नेसहितको भवन, सोही भवनको केही पश्चिम-दक्षिणमा अर्को बहुतले भवनको भग्नावशेष फेला परेको छ । यी चार वटा भवनको दक्षिणतिर दुई सय फुटको दूरीमा सुरक्षा प्रमुखसहित अरू सुरक्षाकर्मी बस्ने शैलीको दुईतले भवन गरी पाँच वटा भवनका संरचना फेला परेका पुरातत्त्वविद् आचार्यले जानकारी दिनुभयो ।

यसअघिका उत्खननबाट फेला परेका पुरातात्त्विक सामग्रीको वैज्ञानिक परीक्षणबाट इशापूर्व प्रथम शताब्दीतिरको मानव सभ्यतासँग गाँसिएका प्रमाणित भएको आचार्यले बताउनुभयो । उहाँले भन्नुभयो, “यो आधारमा किच्चकबधको ऐतिहासिकता २२ सय वर्ष पुरानो भएको पाइएको छ । भारतमासँग कुषाणकाल चलेको समयमा यसस्थलमा पनि कुनै शासकको दरबार र किल्ला रहेको हुनसक्छ । पाँचौँ शताब्दीसम्म कायम रहेको (भारतको गुप्तकालसम्म) अनुमान छ ।”

उत्खनन गरिएका संरक्षितस्थलमा मानिसले टेकेर हिँड्न नहुने आचार्यले बताउनुभयो । उहाँले भन्नुभयो, “यो ठाउँमा मानिसको आवतजावतले संरक्षित अवशेष भत्किने गरेको पाइएको छ । संरक्षण समितिले सुरक्षित राख्नसक्ने हो भने मात्र यसको ऐतिहासिकता सुरक्षित रहन सक्छ ।” **रासस**

। सम्पादकीय ।

# समाजवादी समाज निर्माणको जग नै सहकारी


समाजवादी समाज निर्माणको जग नै सहकारी हो। सहकारीलाई कसैले सामाजिक तथा आर्थिक आन्दोलन भन्लान् त कसैले किसान या श्रमजीवी वर्गको सेवामा खोलेको संस्था। कृषि सहकारीले किसानहरूको सहयोगलाई सुदृढ तुल्याउन समर्थ बनाउँछ भन्ने धारणा पनि छ। भनिन्छ, सहकारीको आर्थिक संरचना समाजवादउन्मुख हुन्छ। यसकारण सहकारी संस्थालाई पुँजीवाद र समाजवादबिचको आर्थिक संरचना पनि भनिन्छ। एकताको सबैभन्दा दरिलो, दीगो र सम्भव माध्यम सहकारी संरचना हो भनिन्छ। थोरै पुँजी, थोरै सीप, ज्ञान, थोरै अनुभव, थोरै साधन भए पनि सहकारी संस्थालाई जीवन्त राख्न सकिन्छ भन्ने भुक्तभोगीहरूको भनाइ छ। समाजको बनोट व्यक्तिवादी आर्थिक र सामाजिक संरचनाबाट युगौंदेखि गुज्रँदै आइरहेको स्थितिमा सामूहिक र सहकार्यको अभ्यास अपरिहार्य छ। सम्भवतः त्यसै उद्देश्यअनुरुप २०१० मा विधिवत सहकारी विभागको गठन भयो। त्यसैको आधारमा २०१३ चैत २० गते चितवनमा प्रथम सहकारी संस्था दर्ता भयो। यसैलाई आधार मानेर नेपालमा सहकारी दिवस मनाउने चलन भयो। यसैले आज चैत २० गते देशमा विभिन्न कार्यक्रमसहित सहकारी दिवस मनाइँदै छ।

सर्वसाधारण जनतामा अभाव छ। गरिबी छ। बेरोजगारी छ। बजार व्यवस्थापन अव्यवस्थित छ र शोषणमुखी छ। चर्को ब्याजको भरमा जनता पिल्सिएका छन्। मिटरब्याज पीडितहरूको आन्दोलन त्यसैको दृष्टान्त हो। सरकारले यी सबै व्यवस्थापन गर्न सकेको भए या श्रमजीवी वर्गको प्रतिनिधित्व गरेको भए जनताको समस्या हल हुन्थ्यो। तर, सरकारले जनताको समस्या बुझेन, हेरेन। त्यस्तो स्थितिमा संसारका विभिन्न मुलुकमा सर्वसाधारण तथा जनसमुदायको साझा समस्या हल गर्न सहकार्यको आवश्यकता महसुस भयो र सहकारी संस्था खोल्न थाल्यो। सहकारीले मिलीजुली काम गर्न सिकाउँछ। सहकारीले कुनै जात, भाषा, धर्म, लिङ्ग वा क्षेत्रको आधारमा भेदभाव गर्दैन। यसकारण, राज्यले सहकारी संस्थालाई उत्साहित र प्रोत्साहित गर्नु आवश्यक छ।

हरेक सहकारी समुदायको साझा संस्था भएकोले सहकारीलाई भन्सार कर, आय करलगायतका भारबाट छुटकारा दिनुपर्छ। सहकार्य र सहकारी भावनाले प्रत्येक नेपालीको हृदयमा स्थान प्राप्त गर्ने वातावरण सृजना गर्नुपर्छ। शोषण गर्ने, उत्पीडन गर्ने, भेदभाव गर्नेजस्ता अमानवीय व्यवहार सहकारीमा हुनुहुन्न; कसैले गर्छ भने त्यसको विरोध गर्नुपर्छ। सहकारी खोलेर सहकारीको रकम लिएर भाग्ने सहकारी ठग या अपराधीमाथि कडा कारबाही गर्नुपर्छ। उनीहरूको भएभरको सम्पत्तिबाट हर्जना तिराउन सरकार या सरकारी संयन्त्र लाग्नुपर्छ। सहकारी संस्थामा धेरै सदस्य हुन्छन्। धेरैको रकम जम्मा भएको हुन्छ। लगानी क्षमता पनि बढी हुन्छ। धेरै जनाको बुद्धि, सीप र क्षमता भएका व्यक्तिहरू सहकारीमा सामेल हुन्छन्। धेरै जनाको सङ्गठित प्रयत्नबाट कम लागतमा बढी उत्पादन हुन्छ। सहकारी क्षेत्रले उत्पादक र उपभोक्ताबिचको मूल्य अन्तरलाई न्यून गर्ने काममा मद्दत पुऱ्याउँछ।

आजको परिवेशमा सहकारी संस्थाको महत्त्व बढ्दै छ। यसको महत्त्वबारे टोल-टोलका युवाहरूमाझ मात्र होइन विद्यार्थीहरूमाझ पुऱ्याउन पनि विद्यालय विद्यालयमा सहकारीको अध्ययन गर्नु गराउनुपर्ने देखिन्छ। जहाँ चर्को ब्याजको मारमा जनता पिल्सिएका छन् त्यस्ता स्थानमा झन् सहकारी खोल्नु आवश्यक छ। तर, सहकारी सञ्चालकहरू स्थानीय हुनुपर्छ; अपरिचित हुनु हुँदैन। बहुसङ्ख्यक जनता, किसान या श्रमजीवीहरू रहेको समाजमा त सहकारी नभई हुँदैन। सहकारीको माध्यमबाट छरिएको पुँजी, सीप र श्रमलाई एकीकृत र सङ्गठित बनाएर क्रियाशील बनाउनुपर्छ। गरिबी निवारणको लागि र रोजगारी सिर्जना गर्न राज्यको ध्यान पनि सहकारीमा केन्द्रित हुनुपर्छ र सरकारले सहकारी संस्थाको विकास, विस्तारमा टेवा पुऱ्याउनुपर्छ। तर, ठग सञ्चालकहरूलाई कडा कारबाही गर्नुपर्छ।

# बिजुलीका कति धेरै स्रोत !



भैरव रिसाल

***अब नेपाल पनि जलविद्युत्‌को बढीभन्दा उत्पादन गर्ने सङ्कल्पका साथ अघि बढेको छ। तसर्थ, संसारमा तेस्रो विश्व युद्ध भएन भने जलविद्युत्‌को खाँचो पर्दैन जस्तो लाग्छ। जसको तात्पर्य जलविद्युत्‌मा मात्र केन्द्रित हुनुपर्छ भनेको होइन। विद्युत् शक्तिका सबै स्रोत परिचालन गरेमा मात्र हाम्रो भविष्य उज्यालो हुनेछ। अन्यथा, संसार उज्यालोमा बस्छ र नेपाल अँध्यारो युगमै फर्किनुपर्छ। यो गम्भीर कुराको विश्लेषण गरी जलविद्युत् शक्ति बढी उत्पादन गर्ने र बिजुली चाहिने अरू देशलाई निर्यात गरेर सेवाको काम गर्न सकिने छ। खबरदार, काम कुराको प्रवृत्ति र प्रकृति नमिलेर नेपालमा फेरि अन्धकारको युग आउला। यसका लागि सरकार नै जिम्मेवार हुन्छ।***

नेपाल सानो भइकन पनि यस्तो देश हो, जहाँ जता पनि विद्युत् शक्तिको स्रोत भेटिन्छ। पानी-बिजुली, घाम-बिजुली, हावा-बिजुली र फोहोरहरू कुहिएको ठाउँबाट निस्कने बिजुली तर, हाम्रा शासक पार्टीहरूको अर्को बुद्धि भएर वा बुद्धि नभएर हामी यी सबै कुराबाट बिजुली निकाल्न सक्दैनौँ। नेपालमा यति धेरै पानी छ जसबाट जति धेरै बिजुली निकाल्दा पनि सम्भव छ तर, शासक दलहरूको निबुर्द्धिका कारण हामी नेपाली बिजुलीमा पछि परेका छौँ। एउटै खोलाबाट ९-१० ठाउँमा बिजुली निस्कन्छ तर त्यसको प्रयोग कम ठाउँमा मात्र भएको छ। उदाहरणको लागि म्याग्दी नदीले अहिले पनि ८-९ ठाउँमा बिजुली निकाल्छ। विद्युत् शक्ति उत्सर्जन गर्ने प्रविधिमा पहिले पहिले एउटै खोलाको एउटै पानीबाट धेरै ठाउँमा बिजुली निस्कन्छ भन्ने ज्ञान थिएन तर अहिले त नेपालमै पनि त्यो ज्ञान र बुद्धि आइसक्यो तर भारतले सुख्खा याममा बत्ती दिन राजीखुसी भइसकेको छैन। साँच्चै, यो याममा भारतले विद्युत् शक्ति दिएन भने नेपालमा फेरि लोडसेडिङ हुनेछ। यो सङ्कट टार्न भारतले चाहिँदा नचाहिँदा सर्त राखेको छ। त्यस्तै, नेपालबाट भारतले बिजुली किन्दा पनि आफूले सहायता दिएका योजनाबाट मात्र जलविद्युत् किन्ने गरेको छ। भारतलाई त बिजुली चाहिने हो। कुन देशको सहयोगमा बिजुली निस्केको हो, त्यसको के मतलब र ? तर, भारत जसरी हुन्छ नेपाललाई उल्झो दिने रणनीतिमा खेलिरहन्छ। यसर्थ, नेपालका शासक दल र तिनका नेताहरू दऱ्हो हुनुपऱ्यो।

**सामुदायिक वनले वन जोगायो**

नेपालमा पानी-बिजुली अति धेरै छ। यो कुरा हाम्रा शासक दलका नेता र नेतृत्वहरू बुझ्दैनन् वा बुझ पचाउँछन्, त्यो मैले भन्न उचित हुँदैन। नेपालको विश्व सम्पदा हिउँ छ, हिमाल छ। हिउँ भनेको पानी हो तर बगेको पानी होइन, जमेको पानी। त्यो प्रशस्त छँदा छँदै, नेपाल अहिले अरूसँग बिजुली माग्ने अवस्थामा छ। हो, पहिले पहिले विद्युत् शक्ति निस्कने स्रोत पानीमात्र ठानिन्थ्यो तर अहिले पानी, घाम, हावा र कुहिएको फोहोर पनि बिजुली निकाल्ने भाँडो भएका छन्। यसर्थ, सरकारको काम विशाल हुनुपऱ्यो र आँट एवं ओट बलवान हुनुपऱ्यो। बगलीभरि पैसा लिएर तत्कालको लागि अरूसँग पैसा मागेसरह हो यो काम। भारतले आउँदो १० वर्षमा १० हजार मेगावाट बिजुली नेपालबाट किन्ने निर्णय गरेको छ। बङ्गलादेशमा पनि विद्युत्‌को अभाव छ। नेपालको बिजुली बङ्गलादेशलाई पनि खाँचो छ। नेपालमा पनि विद्युत्‌को प्रयोग बढेको छ। प्रतिव्यक्ति विद्युत् खपत अप्रत्याशित गर्दै बढिरहेको छ। पहिला-पहिला ग्यास नआउँदा घर-घरको चुलो र अगेनो बाल्न दाउरा चाहिन्थ्यो। त्यो दाउराको लागि वन विनास हुन्थ्यो। यस्तो अवस्था आइसकेको थियो, जङ्गली जनावरहरू आफ्नो आहाराको लागि गाउँ पस्थे। सामुदायिक वनको अवधारणा आएपछि गाउँलेहरू नै वन जोगाउन थाले। वन जोगिनु भनेको सभ्य र शिष्ट हुनु हो। साथै, वस्तुभाउ पाल्न पनि सजिलो हुनु हो।

**बिजुलीका विभिन्न विकल्प**

हामी नेपाली अप्ठ्यारो नपरी चल्दैनौँ। जब वन मासियो, नेपाल मरूभूमीकरण हुने दिशातिर अगाडि बढ्यो तब वन नजोगाइ नहुने भयो। वन जोगिन थालेपछि घाँस, दाउरा, वस्तुभाउको लागि सोत्तर, घर बनाउने काठ प्रशस्त पाइने भयो। यसरी, जनतामा वनप्रतिको अवधारणा सकारात्मक रह्यो। अब अहिले जनता घर बनाउन काठ होइन, सिमेन्ट र फलामको प्रयोग गर्दै छन्। यसले गर्दा, कतिपय गाउँमा त वन बढेर जङ्गली जनावरको आक्रमण पनि बढिरहेको छ। अब सामुदायिक वनमा पनि युग अनुकूलको अवधारणा मिसाउन आवश्यक भइसकेको छ। मान्छेहरूलाई दाउराको सट्टा बिजुली प्रयोग गर्ने विकल्प दिनुपऱ्यो।

जलविद्युत् सस्तो र लामो अवधि सञ्चालन हुने प्रविधिमा आधारित छ। यो तथ्य बुझी हामीले जलविद्युत्‌लाई नै प्राथमिकता दिनु उचित होला। यसको तात्पर्य अरू विद्युत् स्रोतलाई उपेक्षा गर्नु वा गणना नगर्नु भनेको होइन। मलाई सम्झना छ - धेरै वर्षअघि मनाङ हो कि मुस्ताङमा हावाबाट बिजुली निकाल्न प्रयास भयो तर, प्रविधि नितान्त नयाँ भएकोले हामीले त्यो प्रविधि कार्यान्वयनमा ल्याउन सकेनौँ। त्यसले गर्दा हावा बिजुलीप्रति नै मान्छेहरूको धारणा नकारात्मक रह्यो। झन् फोहोरबाट बिजुली निकाल्ने कुरा त कहाँ सजिलो छ र ? जे भए पनि बिजुलीका स्रोत अहिले आएर घाम हो, हावा हो र कुहिएको फोहोर पनि हो भन्ने प्रमाणित भइसकेको छ। भविष्यमा अरू पनि पत्ता लाग्ला।

**फेरि अन्धकारको युग आउला !**

नेपालमा बिजुली आउनुभन्दा अगाडि संसारका थोरै मुलुकमा मात्र विद्युत् शक्तिको प्रयोग भएको थियो। नेपालको पहिलो जलविद्युत् फर्पिङको ५०० कि.वा. हो। फर्पिङबाट निस्केको बिजुली बल्दा काठमाडौँ खाल्डोका धेरै मान्छे नसुती बिजुली बलेको हेर्न निस्किएका थिए। सरकारले पनि बिजुली भनेको एउटा हाउगुजीको रूपमा लिएको थियो। त्यसपछि, सुन्दरीजल र मोरङमा जलविद्युत् शक्ति उत्सर्जन गरियो। त्यतिबेला नेपाल संसारका अरू धेरै मुलुकभन्दा निकै अगाडि नै जलविद्युत् शक्ति उत्पादन गर्ने, प्रयोग गर्ने युगमा पुगिसकेको थियो। त्यसपछिका सरकारहरूले जलबिजुलीलाई जुन प्राथमिकता दिनुपर्ने हो त्यसमा पछि परे। फलत : नेपाल फेरि अन्धकारमा पस्यो। अब नेपाल पनि जलविद्युत्‌को बढीभन्दा उत्पादन गर्ने सङ्कल्पका साथ अघि बढेको छ। तसर्थ, संसारमा तेस्रो विश्व युद्ध भएन भने जलविद्युत्‌को खाँचो पर्दैन जस्तो लाग्छ। जसको तात्पर्य जलविद्युत्‌मा मात्र केन्द्रित हुनुपर्छ भनेको होइन। विद्युत् शक्तिका सबै स्रोत परिचालन गरेमा मात्र हाम्रो भविष्य उज्यालो हुनेछ। अन्यथा, संसार उज्यालोमा बस्छ र नेपाल अँध्यारो युगमै फर्किनुपर्छ। यो गम्भीर कुराको विश्लेषण गरी जलविद्युत् शक्ति बढी उत्पादन गर्ने र बिजुली चाहिने अरू देशलाई निर्यात गरेर सेवाको काम गर्न सकिने छ। खबरदार, काम कुराको प्रवृत्ति र प्रकृति नमिलेर नेपालमा फेरि अन्धकारको युग आउला। यसका लागि सरकार नै जिम्मेवार हुन्छ।

# अभाव भोग्नु परे पनि स्वाभिमान बेच्न नहुने

✍ सिम्रिक

अभाव भोगिन्छ, गरिबी सहिन्छ तर स्वाभिमान बेच्नुहुन्न, यो एक देशभक्तिपूर्ण अभिव्यक्ति हो। यसलाई देशभक्त जनताले स्वीकार्नुपर्छ। देशभक्त जनताले देशको स्वाधीनता र सार्वभौमिकता काँधमा बोकी निरन्तर अगाडि बढ्छ। भीमसेन थापा, भक्ति थापा, अमरसिंह थापा, बलभद्र कुँवरजस्ता वीर नेपाली जनताले गरिबी सहे, अभाव भोगे तर स्वाभिमान बेचेनन्; देशको स्वाधीनता र सार्वभौमिकता त्यागेनन्। त्यसको रक्षार्थ उनीहरूले जीवन त्यागे, बलिदान दिए। त्यसले देशको स्वाभिमान, स्वाधीनता र सार्वभौमिकता जोगियो। यदि हाम्रा ती वीर योद्धा, जनतामा देशभक्तिको भावना नभएका भए, विदेशी सेनामाथि आक्रमण, प्रत्याक्रमण नगरेको भए, जीवन उत्सर्ग र बलिदान नदिएको भए, आज हाम्रो देशको न स्वाभिमान, स्वाधीनता र सार्वभौमिकता नै बाँकी रहन्थ्यो न त देश नै रहन्थ्यो। हाम्रो देश विदेशीको हातमा गइसकेको हुन्थ्यो। हामी पनि सिक्किमेली जनताजस्तै विदेशी नागरिक हुन्थ्यौँ। हाम्रो देश र हामी नेपाली विदेशका गुलाम हुन्थ्यौँ। स्वाभिमान, स्वाधीनता र सार्वभौमिकताबिनाको देश र जनता स्वतन्त्र हुनसक्दैन।

सित्तैमा दियो भनेर विष खानु बुद्धिमानी होइन। तर, बारम्बार देश जोगाउँछु, देश बचाउँछु, देशलाई आफ्नै खुट्टामा उभ्याएर विकास गर्छु, देशको स्वाभिमान, स्वाधीनता र सार्वभौमिकतालाई बन्धकमा राख्दिन, बेच्दिन भनी कसम खाएर सत्तामा गएका शासक दल र त्यसका नेताहरूले अहिलेसम्म त्यस्तो अडानबाट पाठ सिकेका छैनन्। नेपाल सरकारका कर्मचारीहरूले पनि शिक्षा लिएका छैनन्।

यदि उनीहरूको देशभक्ति भावना र अडानबाट शिक्षा लिएको भए हाम्रा नेता, प्रधानमन्त्री, मन्त्री, कर्मचारीहरूले विदेशमा होस् या स्वदेशमा विदेशीसित सन्धि सम्झौता गर्दा देशको हितमा अडान राख्थे र तर्क राख्थे। उनीहरूले आफ्नो देशको स्वाभिमान, स्वाधीनता र सार्वभौमिकतामा आँच आउने, ठाडो हस्तक्षेप गर्ने खालका सर्तहरू भएको सम्झौता र सन्धिमा आँखा चिम्लेर सही गर्दैनथे। उनीहरू त्यस्तो देशघाती सर्त र कुरा ठाडै अस्वीकार गर्थे। बरु दुःख पीडा र अभावलाई गर्वका साथ स्वीकार्थे। देश बनाउनको लागि स्वाभिमानका साथ आफ्नै खुट्टामा उभेर रगत पसिना बगाउँथे। विदेशीको गुलाम बन्दैनथे। विदेशीको अगाडि रतिभर झुक्दैनथे। नेपाल सरकारका देशभक्त कर्मचारीहरूले पनि त्यस्तै गर्थे। यदि यसो भएको भए, शासक दलका नेताहरूले सिधै देशको स्वाभिमान, स्वाधीनता र सार्वभौमिकतामाथि, देशको संविधान र कानुनमाथि ठाडो हस्तक्षेप र वकालत गर्ने देशघाती एमसीसी, एसपीपी सम्झौता गर्दैनथे, नागरिकता विधेयक पास गर्दैनथे; बिप्पा सम्झौता गर्दैनथे। आज त्यस्ता गलत तत्त्वहरू नेपालको अर्थतन्त्र, शिक्षा, स्वास्थ्य, उद्योग, कृषि क्षेत्रको बारीमा पसेर सबै सखाप पारेका छन्। गरिबहरू भोकभोकै र औषधि नपाएर मरिरहेका छन्। देशको सुन्दर भविष्य बोकेका ७०/८० लाख युवा विद्यार्थीहरूलाई घर खेत बेचाएर विदेश जान बाध्य पार्ने थिएन। उनीहरूलाई बिदेसिनबाट रोक्थे। उनीहरूलाई देशमा रोजगारी, विद्यालय, कलेज र विश्वविद्यालयको राम्रो व्यवस्था गर्थे। अनि कर्मचारीहरू कुनै लोभलालचमा नफसी नेता, प्रधानमन्त्री, मन्त्रीहरूहरूलाई देश अहित, देशघाती काम गर्नबाट रोक्थे। तर, त्यसो भइरहेको अवस्था देखिँदैन।

देशका राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री र नेताहरू विभिन्न देशको भ्रमणमा जानु स्वाभाविक हो। उनीहरू पूरा तयारी गरेर जानु आवश्यक छ। त्यस्तो भ्रमण देशको पैसा या आफ्नो पैसामा नगइकन विदेशी पैसा र सुविधामा जानु देशघात हुन्छ। विदेशीको नुन खाएपछि देशको हितमा उनीहरूसँग आफ्नो देशको कुरा राख्ने आँट हुँदैन। विदेश जाँदा सिकेको राम्रो ज्ञान, सीप, अनुभव देशको हितमा गरी लगाउन प्रयोग गर्नुपर्छ। त्यस्तो ज्ञान, सीप, अनुभव लेखेर पत्रपत्रिकामा छाप्नुपर्छ, किताब लेख्नुपर्छ। विदेशमा देशको प्रतिनिधित्व भएर जाने हुँदा विदेशमा पुग्दा वार्ता, छलफल, सन्धि, सम्झौतामा देशको हितमा के कस्तो अडान, बुँदा, तर्क राख्ने हो त्यसको तयारी गर्नुपर्छ।

## खण्ड - २

# चीन-संरा अमेरिकी व्यापार तथा आर्थिक सहकार्यका तथ्यहरूको स्पष्टीकरण

दुई देशबिचको आर्थिक सहकार्य र व्यापार अत्यन्त विशाल, अपरिहार्य, बृहत् आधारयुक्त र न्यायसङ्गतरूपमा अगाडि बढेको यथार्थ हो। थुप्रै देशको संलग्नतामा अगाडि बढिरहेको सम्बन्धमा केही भिन्नता र असामन्जस्य उत्पन्न हुनुलाई अस्वाभाविक मान्न सकिन्न। दुवै देशले व्यापक दृष्टिकोण लिन जरुरी छ। दुवैका रणनीतिक चासो र कुशलता अन्तर्राष्ट्रिय पहुँच र स्थानबारे मनन गरिनुपर्छ। समाधानका साझा आधारहरूको पहिचान गरी, व्यावहारिक र वैज्ञानिक उपायहरू अवलम्बन गरी दुईबिचका भिन्नताहरूको दूरी घटाउन र समस्या समाधानतर्फ अगाडि सर्न आवश्यक छ।


तथापि, वर्तमान संरा अमेरिकी प्रशासनले 'सेक्सन ३०१' र अन्य माध्यमद्वारा चीनमाथि 'आर्थिक आक्रमण', 'अन्यायपूर्ण र अनुचित व्यापार', बौद्धिक सम्पत्ति चोरी अर्थात् 'आइपीआर चोरी' र 'राष्ट्रिय पुँजीवादी' को आक्षेप लगाएको छ। यो चीन-संरा अमेरिकी व्यापार तथा आर्थिक सहकार्यको वास्तविकतामाथि घोर आपत्तिजनक र विकृत आक्षेप हो। यसले चीनको सुधार तथा खुलापनबाट प्राप्त विशाल उपलब्धि, चिनियाँ जनताको समर्पण र कडा परिश्रममाथि आँखा चिम्लेको देखिन्छ। चिनियाँ जनता र सरकारमाथिको यो अनादर हो। साथै, अमेरिकी जनताको चासोमाथिको प्रतिकुल र असङ्गत प्रहार पनि हो। यसले भिन्नता र असमझदारीलाई बढावा दिन्छ वा अन्तत्वगत्वा दुवै देशको आधारभूत सरोकार र चासोहरूमाथि अपूरणीय क्षतिसिवाय केही गर्दैन।

**१) वस्तुमा व्यापारको दूरी नै मात्र चीन-संरा अमेरिकी व्यापार तथा आर्थिक सहकार्य मापनको भरपर्दो सूचक हुनसक्दैन।**

चीन-संरा अमेरिकी व्यापार सन्तुलनको वस्तुगत बुझाइ र मूल्याङ्कनका लागि व्यापक एवम् गहिरो अध्ययनको आवश्यकता हुन्छ, वस्तुको आजको होइन। यो समयको विकाससँगै बढेको हो। सन् १९८० को दशकबाट १९९० सम्ममा संरा अमेरिकाले चीनसँगको व्यापारमार्फत अतिरिक्त बचत बढायो र चीनले सन् १९९२ बाट पुन: अतिरिक्त बचत बढाउँदै आजसम्म आइपुग्दा त्यो निरन्तर बढ्दै छ।

माथिल्लो तहको विश्वव्यापीकरण र व्यापक फैलिएको अन्तर्राष्ट्रिय उत्पादन बजारको यो युगमा दुईपक्षीय सहकार्य वस्तुको व्यापार घेरामा सीमित रहनु हुँदैन। सेवा क्षेत्रको व्यापार स्थानीय जनताको आर्थिक गतिविधि दुईपक्षीय लगानी पनि अध्ययनका विषय हुन्। यदि वस्तुको किनबेच सेवा क्षेत्रको व्यापार बिक्रेता देशमा दुईपक्षीय लगानी, यी तीन पक्षमा पूर्ण विचार गरिए सामान्यत: दुई पक्षबिच सन्तुलित नाफा हुने निश्चित छ। यो प्रक्रियाको निरन्तरताले पछि ठुलो उपलब्धि हासिल हुनेछ (रेखाचित्र ४)। MOFCOM का अनुसार, सन् २०१७ मा संरा अमेरिकाले सेवा क्षेत्रको व्यापारमा मात्र चीनसँग करिब ५४.१ अर्ब अमेरिकी डलर बराबरको नाफा प्राप्त गर्‍यो। यसले संरा अमेरिकाको सेवा क्षेत्रमा उल्लेख्य प्रतिस्पर्धी पकड रहेको दर्शाउँछ। संरा अमेरिकी आर्थिक विश्लेषण ब्युरो (US Bureau of Economic analysis-BEA) का अनुसार सन् २०१५ मा संरा अमेरिकी कम्पनीहरूले चीनमा गरेको बिक्री ४८१.४ अर्ब अमेरिकी डलर पुग्यो जबकि त्यही अवधिमा चिनियाँ कम्पनीहरूले संरा अमेरिकामा गरेको बिक्री जम्मा २५.६ अर्ब थियो। संरा अमेरिकालाई सो वर्ष ४५५.८ अर्ब अमेरिकी डलरको नाफा भएको थियो। संरा अमेरिकी कम्पनीहरूले सीमापारिका देशहरूबाट पनि अत्यधिक नाफा प्राप्त गरेको तथ्याङ्क छ।

सन् २०१८ जूनमा एक जर्मन बहुराष्ट्रिय लगानी डोइच बैङ्क (Deutsche Bank) ले संरा अमेरिकी र उसको मुख्य व्यापार साझेदार देशहरूबिचको आर्थिक कारोबारबारे एउटा प्रतिवेदन सार्वजनिक गर्‍यो। Deutsche Bank




**रेखाचित्र ४ :** *सामान्यत: चीन-संरा अमेरिकी व्यापार र आर्थिक सहकार्य सन्तुलित उपलब्धिउन्मुख छ (२००९-२०१५) Unit:US $ 1 Billion*

***स्रोत : Bureau of economic analysis (BEA), USDOC***

व्यापारमा भएको घाटामा एक नजर डुलाएर पुग्दैन। व्यापार नाफा प्राप्त गर्ने चीनको कुनै मनसाय होइन। कुल गार्हस्थ उत्पादनमा चीनको चालु खाता बचत दरको हिस्सा सन् २००७ मा ११.३ प्रतिशतबाट घटाएर सन् २०१७ मा १.३ प्रतिशत पुर्‍याउने पनि कुनै मनसाय थिएन। चीन र संरा अमेरिकाबिचको व्यापार असन्तुलन, अमेरिकाले तुलनात्मक शक्तिलाई आधार बनाई आर्थिक संरचना र बजारमा गरेको स्वयम् छनोटको प्राकृतिक नतिजा हो। यो समस्या समाधानको निम्ति दुवै पक्षको उत्तिकै प्रयास आवश्यक देखिन्छ।

संरा अमेरिकाले दुईपक्षको सहकार्यबाट हासिल गरेका उपलब्धिलाई उपेक्षा गर्दै वस्तुहरूमा व्यापार असन्तुलनको एउटैमात्र मुद्दामा टेकेर चीनलाई व्यापार असन्तुलनको पक्षपातपूर्ण, अन्यायी र अव्यावहारिक लाञ्छना लगाएको सर्वविदितै छ।

सामान्यत: चीन-संरा अमेरिकाबिचको सहकार्यले दुवै पक्षलाई सन्तुलित नाफा भइरहेको देखिन्छ। वस्तुको किनबेचमा असन्तुलनको लेखा को युरोप, अमेरिका र एसिया गरी करिब ५८ ओटा देशहरूमा बलियो सञ्जाल छ। ती देशसँगको दोहोरो व्यापारले वास्तवमा संरा अमेरिकाले व्यापारिक कुल नाफा चीनको भन्दा ज्यादा आर्जन गरिरहेको प्रतिवेदनले देखायो। बहुराष्ट्रिय कम्पनीहरूद्वारा दुईपक्षीय व्यापार र आर्थिक सहकार्यमा विश्वव्यापी सञ्जाल विस्तार गरेकै कारण संरा अमेरिकाको प्रगति सम्भव भएको हो।

Deutsche Bank का अनुसार तेस्रो मुलुकहरूले प्रदान गर्दै आएको सहयोग र लगानी रोकेपछि सन् २०१७ मा संरा अमेरिकाको कुल नाफा २०.३ अर्बमा मात्र सीमित रह्यो।

चीन-संरा अमेरिकाबिच वस्तुको व्यापारमा बढेको खाडल संरा अमेरिकाको आर्थिक संरचना र दुई देशको तुलनात्मक शक्तिको स्वाभाविक प्रतिफल एवम् अन्तर्राष्ट्रिय श्रम विभाजनको प्राकृतिक उपज हो। यो लगातार बढिरहेको खाडल यी र यस्ता थुप्रै पक्षले गर्दा हो, चीनको मनसायको कारण होइन। केही पक्षहरूबारेको छलफल फलदायी हुनेछ -

**पहिलो,** यो व्यापार असमानताको कारण संरा अमेरिकाको न्यून बचत दरको स्वाभाविक प्रतिफल नै हो। राष्ट्रिय खाताहरूको दृष्टिकोणबाट हेर्दा, कुनै पनि देशको चालु खाता सन्तुलन सो देशको बचत र लगानीको सम्बन्धले निर्धारण गर्छ। संरा अमेरिका न्यून बचत र उच्च उपभोग गर्ने देश हो। लगानीभन्दा बचत न्यून हुन थालेको धेरै वर्ष बितिसकेको छ। सन् २०१८ को पहिलो चौमासिकमा, संरा अमेरिकाको राष्ट्रिय बचत दर अति न्यून अर्थात् १.८ प्रतिशत थियो। त्यहाँको घरेलु अर्थतन्त्र सन्तुलनमा ल्याउन संरा अमेरिकाले व्यापार घाटा व्यहोर्दै ठुलो मात्रामा विदेशी बचत भित्र्यायो। थुप्रै वर्षपछि यो नै संरा अमेरिकी व्यापार घाटाको मुख्य कारण बन्यो।

सन् १९७१ मा नै संरा अमेरिकाले वैदेशिक व्यापारमा घाटा वृद्धि गर्न थालेको थियो। सन् २०१७ सम्ममा संरा अमेरिकाको करिब १०२ ओटा देशसँग व्यापार घाटा बढ्यो। संरा अमेरिकाको व्यापार घाटा त्यसकारण उसको आन्तरिक कारणले शृङ्खलाबद्ध ढङ्गले उत्पन्न संरचनागत र दिगो आर्थिक सवाल हो। विश्वजगत्सँगको चालु व्यापार घाटालाई हाल चीन र चीनसँग व्यापार साझेदार देशहरूमा स्थानान्तरण गरिएको छ।


**दोस्रो,** यो व्यापार असन्तुलनको अर्को कारण चिनियाँ र संरा अमेरिकी उद्योगहरूको परिपूरक नतिजा एवम् तुलनात्मक शक्तिको प्रस्ट प्रतिबिम्ब हो। मिश्रित व्यापारको सन्दर्भमा अमेरिकासँग चीनको व्यापार नाफा विशेषत: श्रमप्रधान (**Labour-Intensive**) उत्पादन र श्रमिकले बनाएको सामानहरूबाट हुन्छ। अमेरिकासँग चीनको व्यापार घाटा हवाईविमान, एकीकृत सर्किटहरू र अटोमोबाइलजस्ता पुँजीप्रधान तथा प्रविधिप्रधान उत्पादकहरू र कृषिजन्य उत्पादनमा हुन्छ, सन् २०१७ मा कृषिजन्य उत्पादन क्षेत्रमा मात्र संरा अमेरिकासँग चीनको व्यापार घाटा १६.४ अर्ब अमेरिकी डलर बराबरको थियो। यो आँकडा कृषिजन्य उत्पादन क्षेत्रमा चीनको कुल व्यापार घाटाको ३३ प्रतिशत हो। हवाईविमानको क्षेत्रमा चीनको कुल व्यापार घाटाको ६० प्रतिशत अर्थात् १२.७५ अर्ब अमेरिकी डलरको व्यापार घाटा अमेरिकासँग छ। अटोमोबाइलको क्षेत्रमा करिब ११.७ अर्ब अमेरिकी डलरको व्यापार घाटा चीनले व्यहोर्‍यो। त्यसकारण, वस्तुमा व्यापारको असन्तुलन स्वयम् बजार छनोटको प्रतिफल हो। दुई देशले नै आ-आफ्नो औद्योगिक प्रतिस्पर्धी शक्तिको प्रदर्शनी स्वाभाविकरूपमा गर्छन्, गर्नुपर्छ।

**तेस्रो,** यो व्यापार असमानताका अर्को कारण अन्तर्राष्ट्रिय श्रम विभाजन र बहुराष्ट्रिय कम्पनीहरूबाट उत्पादन क्षेत्र तथा स्थानको परिवर्तनको नतिजा हो। विश्वव्यापी मूल्य संरचना र अन्तर्राष्ट्रिय श्रम विभाजनले व्यापकता पाउन थालेसँगै बहुराष्ट्रिय कम्पनीहरूले वस्तुहरू तयार तथा उत्पादन गरी संरा अमेरिका र विश्व बजारमा बिक्री गर्न चीनमा उद्योगहरू स्थापना गरे। बहुराष्ट्रिय कम्पनीहरू चीनको न्यून उत्पादन लागत, उत्पादन क्षमता र पूर्वाधारको उपलब्धिप्रति कृतज्ञ छन्। चीनको भन्सारअनुसार सन् २०१७ मा संरा अमेरिकासँग चीनको व्यापारको नाफामा ५९ प्रतिशत योगदान विदेशबाट लगानी गरिएका कम्पनीहरूको अहम् योगदान छ।

अन्तर्राष्ट्रिय औद्योगिक स्थानान्तरणको प्रक्रिया र एसिया-प्रशान्त औद्योगिक संयन्त्रमा सहभागी हुँदा धेरै हदसम्म चीनले अमेरिकासँग जापान, गणतन्त्र कोरिया र अरू पूर्वी एसियाली अर्थतन्त्रको व्यापार नाफा आफूतिर पारेको हो। संरा अमेरिकी आर्थिक विश्लेषण ब्युरो, BEA का अनुसार संरा अमेरिकाको जापान, गणतन्त्र कोरिया (दक्षिण कोरिया) र पूर्वी एसियाली अर्थतन्त्रसँगको व्यापार घाटा सन् १९९० मा ५३.३ प्रतिशतबाट सन् २०१७ मा ११ प्रतिशतमा झर्‍यो। अमेरिकासँग चीनको व्यापार नाफा भने सोही समयावधिमा ९.४ प्रतिशतबाट ४६.३ प्रतिशतमा चढ्यो।

**चौथो,** संरा अमेरिकाले चीनमा निर्यात हुने उच्च प्रविधियुक्त (High-tech) उत्पादनहरूमा नियन्त्रण गर्दाको परिणाम हो यो व्यापार असमानता। उच्च-प्रविधियुक्त सामग्रीको व्यापारमा आफ्नो विद्यमान विशाल प्रतिस्पर्धी शक्तिप्रति संरा अमेरिकालाई ठुलो दम्भ छ। अझै पनि संरा अमेरिका शीतयुद्धको मानसिकतामा छ। चीनमाथि कडा निर्यात नियन्त्रण गर्दै छ। यसरी संरा अमेरिकाको लाभमूलक निर्यातको सम्भावना साँघुरिँदै छ। अत्यन्त महत्त्वपूर्ण निर्यात अवसर गुमाउँदै चीनसँगको व्यापार घाटा फराकिलो बनाउँदै छ।

अन्तर्राष्ट्रिय शान्तिका लागि कार्नेगी सहयोग (Carnegie Endowment for International Peace) द्वारा सन् २०१७ मा प्रकाशित प्रतिवेदनअनुसार यदि संरा अमेरिकाले ब्राजिललाई जति मात्र निर्यात नियन्त्रण चीनलाई खुकुलो बनाएको भए व्यापार घाटा २४ प्रतिशतले घट्थ्यो। यदि फ्रान्सलाई जति मात्र व्यापार नियन्त्रण खुकुलो गरेको खण्डमा व्यापार घाटा ३५ प्रतिशतले घट्थ्यो। अझै पनि चीनको लागि संरा अमेरिकाले उच्च प्रविधियुक्त सामग्री निर्यात गर्नसक्ने सम्भावना ठुलो छ। यदि संरा अमेरिका आफैँले ढोका नथुनेको भए व्यापार घाटा




*रेखाचित्र ५: संरा अमेरिकाको वैदेशिक व्यापार घाटाको क्षेत्रीय परिस्थितिमा परिवर्तन देखिएको (१९९०-२०१७)*

स्वाभाविकरूपले घट्ने थियो।

**पाँचौं,** संरा अमेरिकी डलर विश्वको मुख्य मुद्रा हुनुको परिणाम पनि हो यो व्यापार द्वन्द्व। दोस्रो विश्वयुद्ध पछाडि मौद्रिक व्यवस्थापनको ब्रेटन उड्स प्रणाली स्थापित हुनुको आधार पनि संरा अमेरिकी डलर नै हो। अर्कोतिर सम्पूर्ण देशसँग सेनिरेज (Seignorage) (मुद्राको मूल्य र मुद्रा उत्पादन लागतबिचको भिन्नता अर्थात् सरकारले मुद्रा छपाइबाट प्राप्त गर्ने नाफा यदि मुद्रा छपाइमा मुद्राको मूल्यभन्दा ज्यादा लागत पर्छ भने घाटा हुन्छ) लेबीका लागि संरा अमेरिकाले अस्वाभाविक विशेषाधिकार अर्थात् 'Exorbitant Privilege' (आफ्नो मुद्राबाट आफैँलाई हुने फाइदा) (डलरको उतारचढाव र अन्तर्राष्ट्रिय मौद्रिक प्रणालीको भविष्य, बेरी आइचेनग्रीन Barry Eichengreen, अक्सफोर्ड विश्वविद्यालय प्रेस) को प्रयोग गर्‍यो।

एक सय डलर मुद्रा छाप्न संरा अमेरिकालाई अत्यन्त न्यून प्रतिशत लागत लाग्छ भने अन्य देशहरूले त्यसको लागि थुप्रै वस्तु र सेवासँग विनिमय गर्नुपर्छ। संरा अमेरिकी डलर विश्वको प्रमुख मुद्रा भएको हैसियतको कारण उसले विश्वव्यापी व्यापार सन्तुलनमा सहयोग पनि प्रदान गर्न सक्दछ र विश्वलाई व्यापार घाटातर्फ डोर्‍याउन आफ्नो डलरको प्रवाह पनि बढाउन सक्दछ। त्यसकारण, संरा अमेरिकी व्यापार घाटा अमेरिकाकै इच्छामा निर्भर रहन्छ। व्यापार घाटाको प्रमुख जरो अन्तर्राष्ट्रिय मुद्रा प्रणाली स्वयम् पनि हो।

यसका अतिरिक्त, चीनसँगको व्यापार घाटाको सन्दर्भमा संरा अमेरिकाद्वारा तथ्याङ्क बढाइचढाइ गरिएको भेटिन्छ। चीन र संरा अमेरिकाबिच उल्लेख्य र स्थायी प्रकृतिको तथ्याङ्कीय बेमेल एवम् विचलन भएको देखियो। सन् २०१७ मा चीनको बचत नाफा २७५.८ अर्ब अमेरिकी डलर रहेको चिनियाँ तथ्याङ्कले देखायो। सोही समयमा संरा अमेरिकी तथ्याङ्कले भने चीनको नाफा ३९५.८ अमेरिकी डलर रहेको जिकिर गर्‍यो। संरा अमेरिका र चीनको तथ्याङ्कबिच १०० अर्ब अमेरिकी डलरभन्दा बढीको भिन्नता देखियो। USDOC/MOFCOM का विज्ञहरूसहितको तथ्याङ्कीय कार्यकारी समूहले चीन र अमेरिकाको प्रत्येक वर्षको तथ्याङ्क तुलना गर्‍यो। संरा अमेरिकाले हरेक वर्ष चीनसँगको व्यापार घाटा सम्प्रेषण गर्ने तरिका उक्त समूहले पत्ता लगायो।

चीनको भन्सार र USDOC को तथ्याङ्कअनुसार दुई देशबिचको व्यापार घाटा विगत एक दशकदेखि उति नै छ। (रेखाचित्र ६) CIF (Cost Insurence and Freignt), बिक्रेताले लागत बहन गर्ने र सामानमा बीमा जोडिने तर पछि जोखिम क्रेतामै सार्ने मूल्य FOB (Free Frieght on Board) उपभोग मूल्यमा लागत जोडिएको मूल्य) मूल्यबिचको भिन्नता, व्यापार भन्सार मूल्य अभिवृद्धि (Transit trade value-added) प्रत्यक्ष व्यापार मूल्य अभिवृद्धि दर, भौगोलिक क्षेत्राधिकार र मालबाहक पानीजहाजको अवतरण ढिलाइ आदि कारणले विचलन निम्तिएको भन्न सकिन्छ।

यदि मूल्य अभिवृद्धिद्वारा गणना गरियो भने व्यापार घाटा उल्लेख्य मात्रामा घट्नेछ। चीनको वैदेशिक व्यापार प्रक्रिया 'ठुलो- मात्रा आयात' र 'ठुलो-मात्रा निर्यातमा' आधारित छ। संरा अमेरिकाको हकमा पनि यही लागु हुन्छ। MOFCOM का अनुसार चीन-अमेरिका व्यापार असन्तुलनको ६१ प्रतिशत व्यापार तरिका या प्रक्रियाबाट मात्र आउँछ। चीनमा मूल्य अभिवृद्धि (Value-added) तरिका विभिन्न वस्तुको कुल मूल्यको अत्यन्त सानो भागमा मात्र प्रयोग गरिन्छ। हालको अवधारणा भनेकै समष्टिगत निर्यातको हिसाब/लेखाजोखा गर्नु हो।

उत्पादनमा विश्वव्यापी दृष्टिकोण र मूल्य-अभिवृद्धि प्रणालीको अवधारणाबाट विश्वव्यापी श्रमविभाजनमा सहभागी सम्पूर्ण देशहरूको भूमिका र फाइदाबारे विश्लेषण गर्ने प्रस्तावको पक्षमा सन् २०११ मा विश्व व्यापार सङ्गठन र आर्थिक सहकार्य तथा विकासका लागि सङ्गठन (WTO /OECD, World Trade Organization/The Organization of Economic Co-operation and Development) ले वकालत गर्‍यो। साथै, त्यसको लागि WIOD Database (World Input-Output tables and Underlying data) (विश्व लागत-उत्पादन तालिका र तथ्याङ्कको व्यवस्थित संरचना) पनि स्थापना गरियो। उदाहरणका लागि सन् २०१६ को परम्परागत तथ्याङ्कले संरा अमेरिकासँग चीनको नाफा २५०.७ अर्ब अमेरिकी डलर भएको देखायो। WIOD को व्यवस्थित तथ्याङ्क संरचनामा आधारित रही मूल्य-अभिवृद्धि अवधारणा अवलम्बन गरिँदा उक्त तथ्याङ्क १३९.४ अर्ब अमेरिकी डलरमा झर्छ। तसर्थ, समष्टिगत अवधारणाबाट भन्दा यसरी ४४.४ प्रतिशतले व्यापार घाटा घटेको देखाउँछ।

***स्रोत : चीन-संरा अमेरिका व्यापार युद्धबारे चीनको श्वेतपत्र***




इजरायल सरकारको युद्धपिपासु प्रवृत्ति र नरसंहारको विरोध र प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको राजीनामा माग गर्दै जेरुसेलममा इजरायलको संसद भवन नेसेट अगाडि विरोध प्रदर्शन गर्दै इजरायली जनता मार्च ३१, २०२४ का दिन । इजरायलको दक्षिणपन्थी गठबन्धनको सरकार हमासविरुद्ध युद्धको नाममा गाजापट्टी र पश्चिम किनारामा निहत्था प्यालेस्टिनी जनताको निरन्तर हत्या गरिरहेको छ । *तस्बिर : एपी/ लियो कोरेया*

# इजरायली सेना अल–शिफा अस्पतालबाट पछि हट्यो

गाजापट्टी, १ अप्रिल (एएफपी) । गाजामा हमास नियन्त्रित स्वास्थ्य मन्त्रालयले इजरायली सेनाले गाजाको मुख्य अल-शिफा अस्पतालबाट फिर्ता भएको जनाएको छ । अस्पताल परिसरमा तैनाथ इजरायली ट्याङ्क र अन्य सैनिक सवारीसाधन इजरायली सेनाले हटाएको छ ।

इजरायली सेनाले अस्पताल परिसरमा गरेको कारबाहीमा दर्जनौं व्यक्ति मारिएसँगै अस्पताल परिसर परित्याग गरेको स्वास्थ्य मन्त्रालयको भनाइ छ । यद्यपि, इजरायली सेनाले अस्पताल छाडेको हो वा होइन भन्ने पुष्टि गरिसकेको छैन ।

प्रत्यक्षदर्शीको भनाइमा अस्पताल परिसरमा इजरायली सेनाले दर्जनौं हवाई हमला गरेको थियो । हमास सरकारद्वारा सञ्चालित सञ्चार इकाईले आफ्ना सैनिक बन्दोबस्तीका सामान हटाउन इजरायली सेनाले बमबारी गरेको हुनसक्ने बताएको छ ।

हमासको मुख्य अखडा रहेको विश्वासमा अल-शिफा अस्पताललाई नियन्त्रणमा लिन इजरायलले गत मार्च १८ मा अस्पतालभित्रै सैन्य कारबाही चलाएको थियो । यसक्रममा सेनाले अल-शिफा अस्पतालको परिसरमा २०० भन्दा बढी हमास लडाकू मारिएको दाबी गरेको थियो ।

इजरायली सेनाले अस्पतालबाट हमास र इस्लामिक जिहादका लडाकूका हातहतियार र रकम बरामद गरेको दाबी गरेको थियो । हमासले अल-शिफा र अन्य स्वास्थ्य संस्थाहरूमा आफ्ना लडाकू नरहेको बताउँदै आएको थियो ।

हमासको स्वास्थ्य मन्त्रालयले जारी गरेको एक विज्ञप्तिमा अल-शिफा अस्पताल परिसरबाट दर्जनौं व्यक्तिका सडेका शवहरू बरामद गरिएको जनाएको छ । मन्त्रालयले इजरायली सेनाले अस्पताल छाड्नुअघि अस्पतालका मुख्य संरचनामा आगो लगाइदिएको र ती भवनबाट स्वास्थ्य सेवा प्रदान गर्न तत्काल सम्भव नहुने पनि बताएको छ ।

एक जना चिकित्सकले २० जनाभन्दा बढी व्यक्तिका शव भेटिएको तर तिनीहरूलाई इजरायली ट्याङ्कले कुल्चेका कारण चिन्न नसकिने अवस्थामा रहेको बताएका छन् ।

इजरायली सेनाले अल-शिफा अस्पताल कब्जामा लिनुअघि हजारौं सर्वसाधारणले त्यहाँ आश्रय लिएका थिए । इजरायली सेनाले सुरुमा गत नोभेम्बर महिनामा अस्पतालमा छापा मारेको थियो ।

यसैबिच, इजरायलले सोमबार बिहानै गाजाका अन्य स्थानहरूमा पनि घातक हवाई हमला गरेको छ । गाजाका कैयौं स्थानमा हमास र इजरायली सैनिकबिच भिडन्तहरू भइरहेका छन् । हमासको स्वास्थ्य मन्त्रालयका अनुसार पछिल्लो हवाई हमलामा परेर कम्तीमा ६० जनाको मृत्यु भइसकेको छ ।

# यूएईद्वारा गाजाका महिला तथा बालबालिकाको लागि सहायता प्रदान

अलअरिस (इजिप्ट), १ अप्रिल (एएनआई) । संयुक्त अरब इमिरेट्सले 'अपरेसन चिभालरस नाइट–३' मार्फत प्यालेस्टिनी जनताका लागि युएईको निरन्तर मानवीय सहयोगको अर्को अंशको रूपमा गाजाका महिला तथा बालबालिका लागि तयार पारिएको सहायता प्याकेजहरू प्रदान गरेको छ ।

एमिरेट्स रेड क्रिसेन्ट (ईआरसी) का महासचिव हमौद अब्दुल्लाह अल जुनैबीले बालबालिका तथा महिलाहरूका आधारभूत आवश्यकता पूरा गर्न सहायता प्याकेज तयार गर्न सहयोग प्रक्रिया चिवालरस नाइट–३ चलिरहेको जनाउनुभएको छ ।

सहायता प्याकेजहरूले मानवीय राहत प्रयासहरू उत्तरी क्षेत्रकेन्द्रित गर्दै गाजापट्टीमा पठाइएको खाद्य सहायताले पीडितको जीवन जिउन सहजता प्रदान गर्ने उहाँले बताउनुभयो ।

एमिरेट्स न्यूज एजेन्सी (डब्लुएएम) सँग कुरा गर्दै अल जुनैबीले सहायता वितरण गाजामा मानवीय सहायताका लागि युएईले सुरु गरेको राहतको अर्को अंश भएको उल्लेख गर्नुभयो । यो सहायता विमानबाट खाद्यान्न झार्ने र रफाह सीमाबाट प्रवेश गर्नेछ ।

अल जुनैबीले आवश्यक राहत तथा खाद्य प्रावधान उपलब्ध गराई प्यालेस्टिनीहरू, विशेष गरी महिला र बालबालिकालाई सहयोग गर्ने युएईको प्रतिबद्धतालाई दोहोऱ्याउनु भयो । उहाँले विशेष सहायता प्याकेजहरू व्यापक राहतसहित प्रदान गरिएको बताउँदै यसमा अत्यावश्यक वस्तुहरू समावेश भएको जनाउनुभयो ।

गाजामा सहायताले असहज समयमा प्यालेस्टिनी जनतासँगका सुख दुःखमा सहयात्रा गर्न युएई नेतृत्वको निर्देशनलाई प्रतिबिम्बित गर्दै यो प्रयासले विश्वव्यापी नेतृत्व तथा उद्धारशिलता प्रदर्शन गरिरहेको छ ।

अल जुनैबीले गाजा नागरिकलाई इदको लुगा उपलब्ध गराउने योजना चलिरहेको उल्लेख गर्दै राज्य संस्थाले प्यालेस्टिनी जनतालाई निरन्तर आवश्यक मानवीय सहयोग प्रदान गर्ने काम गरिरहेको जनाउनुभयो ।

# पाकिस्तानमा वर्षाका कारण दस जनाको मृत्यु

खैबर पख्तुनख्वा (पाकिस्तान), १ अप्रिल (एएनआई) । पाकिस्तानमा लगातार दुई दिनसम्म परेको वर्षका कारण खैबर पख्तुनख्वा प्रान्तमा दश जनाको मृत्यु हुनुका साथै १२ जना घाइते भएको प्रान्तीय विपद् व्यवस्थापन प्राधिकरण (पीडीएमए) ले जनाएको छ ।

पीडीएमएका प्रवक्ता अनवर शहजादले हताहतको पुष्टि गर्दै मृत्यु हुनेमा आठ जना बालबालिका तथा दुईजना महिला रहेको जनाउनुभएको छ । यसैगरी, घाइते हुनेहरूमध्ये नौ बालबालिका, दुई महिला र एक पुरुष रहेको उहाँले उल्लेख गर्नुभएको छ ।

प्राप्त रिपोर्ट अनुसार वर्षा र असिनाका कारण भएका दुर्घटनामा २७ वटा घर क्षतिग्रस्त भएको प्रवक्तालाई उद्धृत गर्दै द नेसन अखबारले जनाएको छ । द नेसनका अनुसार प्रभावित क्षेत्रमा राहत तथा उद्धार कार्य जारी रहेको छ ।

पीडीएमएले जारी गरेको रिपोर्टमा साङ्गला, बन्नु, बाजौर, पेशावर, नौशेरा र मानसेहरामा विभिन्न संरचना तथा घरहरू क्षतिग्रस्त भएका छन् ।

द नेसनका अनुसार, यस घटनामा तीनवटा घर पूर्णरूपमा क्षतिग्रस्त भएका छन् । यसैगरी मोहमण्ड, मर्दान, उत्तरी बजिरिस्तान लगायतका क्षेत्रमा २४ वटा घर आंशिकरूपमा क्षतिग्रस्त भएको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

सञ्चार माध्यमसँग कुरा गर्दै हरबन तहसिलका अध्यक्ष असदुल्ला कुरैसीले वर्षाका कारण आएको बाढीले निम्त्याएको दुर्घटनामा १९ वटा पशु चौपाया मर्नुका साथै १५ वटा गोठ बगाएको बताउनुभयो । असिना र भारी वर्षाले विभिन्न क्षेत्रहरूलाई असर गर्नुका साथै माथिल्लो कोहिस्तानको हरबन इलाकामा गाईवस्तु बाढीको सिकार भएका छन् भने धेरै घरहरूमा क्षति पुऱ्याएको छ ।

# गाजामा ६०० इजरायली सैनिकको मृत्यु

जेरुसेलम, १ अप्रिल (एएफपी) । इजरायली सेनाले गाजामा गत अक्टोबर ७ बाट सुरु भएको युद्धमा ६०० जना इजरायली सैनिकको मृत्यु भएको जनाएको छ ।

इजरायली भूमिमा अक्टोबर ७ का दिन गाजामा सक्रिय हमास लडाकूले आक्रमण गरेपछि त्यसको जवाफमा इजरायलले हमासविरुद्ध युद्ध सुरु गरेको थियो ।

हमासको आक्रमणमा एक जना २० वर्षीय सैनिक जवान नाडाभ कोहेनको मृत्यु भएसँगै गाजा युद्धमा मारिने सैनिकको सङ्ख्या ६०० पुगेको इजरायली सेनाले जनाएको छ । यद्यपि, यस युद्धमा इजरायली बमबारीमा परेर गाजामा ३२ हजारभन्दा बढी प्यालेस्टिनीको ज्यान गइसकेको हमास नियन्त्रित स्वास्थ्य मन्त्रालयले जनाएको छ । मारिनेमध्ये अधिकांश बालबालिका र महिला रहेका छन् ।

गाजामा चलिरहेको यस भिषण कारबाहीबाट सर्वसाधारण निहत्था नागरिकको मृत्यु भएपछि राष्ट्रसङ्घसमेत अन्तर्राष्ट्रिय समुदायले तत्काल युद्धविराम गर्न इजरायल सरकारमाथि दबाब दिइरहेका छन् ।

## विश्व सङ्क्षेप

# अफगानिस्तानमा विस्फोट हुँदा नौ बालबालिकाको मृत्यु

काबुल, १ अप्रिल (सिन्हवा) । अफगानिस्तानको गजनी प्रान्तमा बेबारिसे विस्फोटक पदार्थ विस्फोट हुँदा नौ बालबालिकाको ज्यान गएको सरकारी बख्तार समाचार एजेन्सीले सोमबार जनाएको छ । आइतबार दिउँसो चारदेखि दस वर्ष उमेर समूहका ती बालबालिकाले बेबारिसे बम खेलाउँदा अचानक विस्फोट भएको थियो । उनीहरू सबैको घटनास्थलमै मृत्यु भएको बख्तारले गजनीका सूचना र संस्कृति विभागका निर्देशक मुल्लाह हमिदुल्लाह निसारलाई उद्धृत गर्दै जनाएको छ ।

गत मार्च २२ मा पनि दक्षिणी हेलमान्ड प्रान्तमा एक बम विस्फोटमा परेर तीन बालबालिकाको मृत्यु भएको थियो भने अन्य दुई जना घाइते भएका थिए । अफगानिस्तान विश्वको सबैभन्दा युद्धग्रस्त तथा बढी बारुदी सुरुङ्युक्त देशहरूमध्ये एक हो जहाँ विगत चार दशकभन्दा बढी समयदेखिको युद्ध र नागरिक द्वन्द्वका कारण विस्फोट नभएका उपकरणहरू जथाभावी फालिएका छन् ।

# लिङ्कडइनले आफ्नो सेवामा गेमिङ थप्ने

नयाँ दिल्ली, १ अप्रिल (एएनआई) । लाखौं व्यक्तिले पछिल्लो समय रोजगारीका अवसरहरू खोज्नका लागि सामाजिक सञ्जाल लिङ्कडइनको प्रयोग गर्न थालेका छन् ।

माइकोसफ्टको स्वामित्वमा रहेको उक्त सामाजिक सञ्जालमा केही रमाइला सुविधा (फिचर) हरू थप्न तयारी भइरहेको उक्त समूहले जनाएको छ । जागिर खोजीमा रहेका व्यक्तिलाई अब गेमिङको सुविधा पनि थप्न लागिएको टेकक्रन्चले कम्पनीको स्रोतलाई उद्धृत गर्दै समाचार छापेको छ ।

वर्डल नामको गेमले पनि लाखौं व्यक्तिलाई जोड्नेजस्तो पजल-म्यानिया ( मस्तिष्कलाई चुनौती दिने क्लासिक पजलहरूको सङ्ग्रहको एक किसिमको खेल) ले लोकप्रियता हासिल गर्न थालेको छ । माइक्रोसफ्टले अगाडि सारेका तीन वटा खेल 'क्वीन्स', 'इन्फरेन्सन' र 'क्रसक्लिम्ब' हुन् ।

लिङ्कडइनका एक जना प्रवक्ताले भन्नुभयो, "हामीले गेमिङमा काम गरिरहेको छौं । तर, अझैसम्म कुन मितिमा प्रारम्भ गर्ने भनेर तयारी भइसकेको छैन ।" उहाँले लिङ्कडइनमा 'पजल-आधारित' खेलहरू रमाइलो गर्न र सम्बन्धलाई गहिरो बनाउनका लागि प्रयोगमा ल्याउन थालेका छौं भन्नुभयो ।

धेरै अन्य सामाजिक सञ्जालमा पहिले नै आफ्ना प्रयोगकर्ताहरूलाई मनोरञ्जनका लागि गेमहरू समावेश गरिसकेका छन् । लिङ्कडइनमा अब यो गेमिङ फिचर कहिले थपिने हो हेर्न बाँकी छ, उहाँले जानकारी गराउनुभयो ।

# ब्राजिलमा बस दुर्घटना हुँदा चारको मृत्यु

ब्रासिलिया (ब्राजिल), १ अप्रिल (एएफपी) । ब्राजिलको उत्तरपूर्वी पेर्नाम्बुको राज्यमा इस्टर आइतबारको समारोहमा बस ठोक्किएर भएको दुर्घटनामा कम्तीमा चार जनाको मृत्यु भएको राज्य गभर्नरले बताउनुभएको छ ।

गभर्नर राकेल लिराले इन्स्टाग्राम पोस्टमार्फत जबोआटाओमा जुलुसमा कम्तीमा चार जनाको मृत्यु उल्लेख गर्दै पीडितका परिवारप्रति समवेदना व्यक्त गर्नुभएको छ । घटनामा करिब २० जना घाइते भएको स्थानीय मिडियाले आपत्कालीन उद्धारकर्तालाई उद्धृत गर्दै जनाएको छन् ।

जबोआटाओका मेयर मानो मेडिरोसले सामाजिक सञ्जाल एक्समार्फत गम्भीर दुर्घटनाको कारणबारे स्पष्ट भइसकेको बताउनुभएको छ ।

सामाजिक सञ्जाल तथा स्थानीय सञ्चारमाध्यममा सम्प्रेषण भएको दुर्घटनाको भिडियोमा ठाडो उकालो सडकबाट बस एकाएक तल जुलुसमा सहभागी भएका मानिसहरूको भिडमा बजारिएको देखिएको छ ।

बस चालक घटनास्थलबाट भागेको स्थानीय मिडियाले जनाएका छन् ।

# म्यानमार–चीन सीमाबाट आठ सयभन्दा बढी ठगीकर्ता पक्राउ

याङ्गोन, १ अप्रिल (एएफपी) । म्यानमारस्थित चीनको राजदूतावासले म्यानमार र चीनको संयुक्त प्रहरी अपरेसनमा इन्टरनेटमा आधारित सीमापार सङ्गठित अपराध (स्क्यामिङ) मा संलग्न आठ सयभन्दा बढी व्यक्तिलाई पक्राउ गरिएको जानकारी गराएको छ । चीन र अन्य देशका नागरिकलाई प्रलोभनमा पारी सीमाक्षेत्रमा बन्धक बनाएर ठगीका काम गर्न बाध्य पारिएको भेटिएको छ । इन्टरनेटमा आधारित यस धन्धाको व्यवसाय अर्बौं डलरको रहेको अनुमान गरिएको छ । त्यस्ता प्रकारको अपरेसनहरू गर्न पेइचिङले म्यानमारको सैनिक सरकारलाई निरन्तर आग्रह गरिरहेको थियो ।

चीन सरकारले आफ्ना म्यानमार समकक्षीलाई म्यानमारको शान राज्यमा भइरहेका सङ्गठित अपराध र ठगीका बारेमा जानकारी गराएको थियो ।

म्यानमार प्रहरीले विज्ञप्ति मार्फत सीमापार अपराधमा संलग्न भएको आरोपमा आठ सय जनालाई पक्राउ गरेको र उनीहरूबाट कम्प्युटर, मोबाइल फोन बरामद गरेको उल्लेख गरेको छ । पक्राउ परेकामध्ये तीन सय ५२ जना चिनियाँ नागरिकलाई आइतबार नै चीन पठाइएको छ । पक्राउ परेका अन्य व्यक्तिहरू सबै म्यानमारका नागरिक हुन् ।

म्यानमारको सीमाक्षेत्रमा कम्तीमा एक लाख २० हजार मानिसलाई बन्धक बनाएर विभिन्न गैरकानुनी धन्धामा संलग्न गराएको भन्दै गत वर्ष संयुक्त राष्ट्र मानव अधिकार कार्यालयले जानकारी दिएको थियो ।

विद्रोहीहरूको कब्जामा रहेको शान राज्यको लउकाई सहरमा ती मानिसलाई बन्धक बनाएको पाइएको छ । जातीय अल्पसङ्ख्यक सशस्त्र समूहहरूले सङ्गठित अपराध गर्ने ठाउँहरूलाई ध्वस्त बनाउने जानकारी गराएका छन् ।

गत वर्षमात्र म्यानमारमा साइबर अपराधमा भाग लिएका शङ्कास्पद ४० हजारभन्दा बढी व्यक्तिलाई चीन पठाइएको चिनियाँ सरकारी सञ्चार माध्यमहरूले जनाएका छन् ।

# मृगौलाको सुरक्षातर्फ बढ्दो जनचासो



✍ डा. प्रकाश बुढाथोकी

काठमाडौँ । मानव शरीरका विभिन्न अङ्गहरूमा विविध किसिमका रोगहरू देखापर्ने गर्दछन् । तैपनि, कतिपय अङ्गमा भएका रोगको सामान्य उपचार गर्दा राम्रो हुन्छ भने केही अङ्ग काटेर फ्याँक्दा र नक्कली राख्दा पनि मानिस स्वस्थ रही दैनिक कार्य गर्न सक्दछ, जटिल नबन्न सक्दछ तर, मृगौला रोग भने बेग्लै किसिमको हुने गर्दछ । यसमा मृगौला बेकम्मा हुँदा कतिका लागि सम्पत्ति विनाशको ठुलो बाटो बन्ने गरेको छ भने सर्वसाधारणका लागि मृत्युको कारण बन्दै आएको छ ।

विश्व स्वास्थ्य सङ्गठनको आँकडाअनुसार विश्वमा हरेक १० जनामा एकजना व्यक्तिमा मृगौलासम्बन्धी कुनै न कुनै समस्या देखा पर्ने गरेको छ । नेपालमा भने हाल करिब १० हजारभन्दा बढी मृगौला रोगी रहेकामा १० प्रतिशतले मात्र उपचार पाउन सकेका छन् र पीडित हुनेको सङ्ख्या वार्षिक २५ सयदेखि तीन हजारका दरले बढ्दैछ ।

सामान्य अवस्थामा हाम्रो शरीरमा दुई वटा मृगौला ढाडको बीचमा मेरुदण्डको दुबैतिर मुठीजत्रो सिमीको गेडाको आकारमा रहेको १५० ग्रामको नभई नहुने उत्सृजक अङ्ग हो । हरेक मानिसमा २ वटा मृगौला रहन्छन् । स्वस्थ अवस्थामा दुवै मृगौला क्रियाशील हुन्छन् तर दुईमध्ये एउटाले मात्र काम गर्दा पनि मानिस स्वस्थ रहन सक्छ । एउटा मृगौलामा करिब १३ लाख नेफ्रोन हुन्छन् । त्यसले पिसाब बनाउने क्षमता राख्दछ । ४० वर्ष नाघेपछि नेफ्रोनको सङ्ख्यामा वार्षिक एक प्रतिशतका दरले ऱ्हास हुन्छ तर अन्य नेफ्रोनले कार्य वृद्धि गरी जीउबाट निकाल्नुपर्ने पानी, लवण र फोहोर त्यही मात्रामा र त्यही दरमा निकालिरहन्छन् । रोग वा उमेर तथा अन्य कारणले भएको नेफ्रोनको सङ्ख्याको कमी भने परिपूर्ति वा पुन:नयाँ नेफ्रोन बन्ने काम भने हुँदैन ।

मानिसको उमेर बढ्दै जाँदा मृगौलाको कार्य क्षमता पनि घट्दै गई स्वस्थ मानिस ९० वर्ष पुग्दा मृगौलाले क्षमताको ५० प्रतिशत जति मात्र काम गरे पनि स्वस्थ नै मानिन्छ । मुटुबाट निस्कासन भएको करिब २२ प्रतिशत रगत दुई मृगौला हुँदै सञ्चार हुने गर्दछ अर्थात् प्रत्येक २४ घण्टामा १८० लिटरभन्दा बढी रगत मृगौलाको कार्य एकाइ नेफ्रोनको पहिलो भाग ग्लोमेरुलस हुँदै बग्दछ । यसमा १७८.५ लिटर भाग वा प्रोटिनबाहेक पानी र अन्य तत्त्वहरू नेफ्रोनको सुक्ष्म नली हुँदै वरिपरि फैलिएका कम चाप भएका रक्तनलीद्वारा सोसिएर फेरि शरीरमै जाने गर्दछ । यसै क्रममा युरिया, क्रेटिनिन, युरिक एसिड र अन्य विषालु तत्त्व अति कम मात्रामा सोसिने भएकाले ठुलो मात्रामा पिसाव भएर शरीर बाहिर निस्कन्छन् ।

हामीले खाएको खानेकुराबाट शरीरले चाहिएको कुरा अवशोषित गरी बाँकी रहेका अनावश्यक पदार्थहरू रगतमा रहन्छन् । शरीरमा उत्पादित विकारयुक्त पदार्थ भएको उक्त रगतलाई छानेर रगत सफा गर्ने र तिनलाई पिसावको रूपमा मुत्रथैलीमा पठाई पिसावमार्फत बाहिर फ्याँक्ने प्रमुख काम मृगौलाको हो । शरीरमा अनावश्यक नुन, पानी, पोटासियम, क्याल्सियम र अन्य आयनलाई थुप्रिन नदिई सन्तुलनमा राख्दछ ।

अम्ल र क्षारको मात्रा नियन्त्रण गर्दछ । प्रोटिनबाट बन्ने सल्फ्युरिक र फोस्फोरिक एसिड निस्कासन गर्ने अङ्ग एक मात्र मृगौला हो । रगतको रातो रक्तकोष बनाउने हर्मोन एरिथ्रोपोइटीन ९० प्रतिशत मृगौला र १० प्रतिशत कलेजोले बनाउँछ । मृगौलाले 'भिटामिन डी' को सक्रिय रूप क्याल्सिट्रोल बनाउँछ र क्याल्सियम तथा फोस्फेटको नियन्त्रण गर्दछ । आन्द्रामा क्याल्सियम संयोजन प्रोटिन बनाई क्याल्सियमको खपत बढाउँछ । लामो उपवासमा बसेको बेला एमिनोएसिडबाट चिनी बनाउने, रक्तचाप सन्तुलित राख्ने पनि गर्दछ ।

**मृगौला किन बिग्रन्छ ?**

मृगौलाको कार्यक्षमता ५० प्रतिशतभन्दा बढी घट्न थालेपछि मात्र स्वास्थ्य समस्या पैदा हुन थाल्छ । मृगौलासम्बन्धी रोगहरू नेफ्राइटिसको उपचार नगरेको वा उपचार सफल नभएको, उच्च रक्तचाप, मधुमेह, पिसावको सङ्क्रमण, मृगौला पिसावको नली र थैलीमा हुने पत्थरी जस्ता रोगहरूबाट लामो समयदेखि पीडित भएको तथा जथाभावी मकै, भटमास खाएजस्तै एण्टीबायोटिक र पेनकिलर औषधि सेवन गरेको व्यक्तिको मृगौला उमेर नपुग्दै बिग्रने सम्भावना रहन्छ ।


त्यसैगरी, जन्मँदै मृगौलामा पानीका फोका भएको तथा उक्त फोकाहरूको सङ्ख्या र आकार बढ्दै गए खराबी सुरु भएको वयस्क अवस्थामा नै थाहा हुन सक्छ । अन्य कारणमा वंशानुगत, मोटोपना, धुम्रपान, ५० वर्ष नाघेका व्यक्ति तथा सङ्क्रमणहरू पर्दछन् ।

**लक्षण कस्तो हुन्छ ?**

कुनै लक्षणबिना एक्कासी केही दिन वा साताको अन्तरालमा पनि मृगौला काम गर्न छोड्ने हुन सक्छ । यस विकासको खराबीलाई एक्युट रेनलफेलर भनिन्छ । झाडापखाला, हैजाजस्ता बिरामीको अत्यधिक मात्रामा शरीर सुक्खा भएमा, धेरै रगत खेर गएमा, मृगौलाको सङ्क्रमण, क्यान्सर, रगतको खराबी तथा मृगौलाको पत्थरीजस्ता समस्याले मृगौलाले काम नगर्ने हुन सक्छ । यस्ता समस्याको समयमा नै निदान हुनसक्यो भने मृगौला बचाउन सकिन्छ । एक्युट रेनलफेलर भएकामध्ये ५० देखि ७० प्रतिशत बिरामीको मृत्यु हुनसक्छ ।

लामो समयसम्म रहेको रक्तअल्पता उच्च रक्तचाप, हर्मोनहरूको असन्तुलन, बारम्बार पिसाबको सङ्क्रमण भइरहनु वा त्यसको उपचार राम्ररी नगर्नु, स-साना पत्थरी रहनु तथा पेटका खराबीले मृगौलालाई नराम्रो असर गर्दछ । मृगौलालाई रगत पुऱ्याउने धमनीको सङ्कुचन हुनु, रगतको खराबी हुनु, मृगौलाको क्षयरोग, पिसाब थैलीको खराबी आदि जुनसुकै समस्याले धेरै लामो समयसम्म ग्रसित बिरामीको मृगौला काम नलाग्ने भएका राम्रो बनाउन सकिँदैन ।

सामान्यतया मृगौला खराब हुँदा खानामा रुचि घट्दै जाने, चाँडै थकाइ लाग्ने, राति बढी (दुईपटक भन्दा बढी) पिसाब हुने, पिसाब गर्दा पोल्ने, रातो, गाढा वा फिँजयुक्त हुने, पिसावको मात्रा घट्दै जाने, वाकवाक लाग्ने, जिउ चिलाउने, बिहान उठ्दा मुख फुल्ने र सुन्निँदै जाने, गोरो मानिस कालो हुँदै जाने लक्षणहरू देखा पर्दछन् । यस्ता लक्षणहरू अन्य थुप्रै रोगहरूमा पनि देखिने भएकाले यकीन गर्न रगत परीक्षण गरी युरिया र क्रियाटिनिन बढे नबढेको हेर्नुपर्दछ ।




शरीरमा रोग बढाउने रोगका उपनामले चिनिने मृगौला रोगहरूबाट मृगौलाको क्षति अन्तिम अवस्थामा पुग्दा उपचार नभए मुटुमा र हड्डीमा भिटामिन डी र क्याल्सियमको कमीले हड्डी दुख्ने, सुन्निने र नरम हुन्छ, करङ, कम्मर र अन्य स्थानका हड्डीहरू भाँच्चिने सम्भावना रहन्छ । तर, हाम्रो विडम्बना मृगौला असफल भएको मृगौलाको कार्य क्षमता ७० प्रतिशतभन्दा बढी नष्ट हुँदा पनि थाहा पाउन र अनुभव गर्न सकिँदैन र रोगको लक्षण नदेखिँदै उपचार खोज्ने कुरा पनि भएन जसका लागि नियमित जाँच नै आवश्यक छ । मृगौलाको कार्यक्षमता ५० प्रतिशतबाट घटेर १० प्रतिशतसम्म झरेको अवस्थालाई क्रमश: प्रारम्भिक, मध्यम र अन्तिम चरणको खराबीको रूपमा लिइन्छ ।

सामान्य व्यक्तिभन्दा मृगौला रोगीमा मधुमेह उच्च रक्तचाप र मुटु तथा रक्तनलीसम्बन्धी समस्या गाँसिएमा मृत्यु हुने सम्भावना १० गुणा बढी हुने भएकोले मृगौला बेकम्मा हुनुभन्दा पहिले नै हृदयाघातबाट व्यक्तिको मृत्यु हुने सम्भावना रहन्छ । मृगौला रोगका कारण मुटुसम्बन्धी रोगको चपेटामा पर्ने व्यक्ति करिब एक करोड २० लाख छन् विश्वमा । १०-२५ प्रतिशत मधुमेहीमा मृगौला रोग देखिने गरेको छ भने मृगौला बेकम्मा हुनेहरूमा ४४ प्रतिशत मधुमेह र २८ प्रतिशत उच्च रक्तचापको कारणले देखिएको छ ।

शरीरमा रगत सफा गर्ने फिल्टरको मुख्य काम गरिरहेको मिर्गौला अस्वस्थ भएमा रगतमा विषालु पदार्थहरू जम्मा भई रगतबाट शरीरभरि विचरण गरी सबै अङ्गमा नकारात्मक असरहरू उत्पन्न गर्दछ । मृगौला रोगी भएको १-२ वर्षदेखि दसौँ वर्षसम्म पनि लक्षण नदेखिई चलिरहन सक्छ र जब मृगौलाले २०-३० प्रतिशतसम्म मात्र काम गरिरहेको हुन्छ, तब लक्षणहरू देखिन्छन् तर यसबेला थप बिग्रन नदिन उपचार मात्र गर्न सकिन्छ, रोग निको भने पार्न सकिँदैन । दुवै मृगौलाले काम गर्न छोडी मृगौला बेकम्मा भई पीडितहरू केवल दुई वटा विकल्पमा बाँच्न बाध्य हुन्छन् या त कृत्रिम तरिकाले रगत सफा गर्ने पद्दति डायलाइसिस वा नजिकको रगतको नातेदारको मेल खाने स्वस्थ मृगौला प्रत्यारोपण ।

**उपचार के हुन सक्छ ?**

नियमित स्वास्थ्य परीक्षण, औषधि सेवन र खानपिनमा ध्यान दिँदा पनि समस्या नियन्त्रणमा आउने गर्दछ । प्रोटिन बढी हुने माछा, मासु, गेडागुडीजस्ता खानेकुरा पानी र झोलपदार्थ चिकित्सकले तोकिदिएअनुसार खानुपर्दछ । यदि मृगौलाको कार्यक्षमता १० प्रतिशतभन्दा पनि कम हुन थाल्दछ भने नियमितरूपमा रगत सफा गर्ने हेमोडायलाइसीस, हेमोफिल्ट्रेसन र पेरीटोनीयल डाइलाइसीस वा स्वस्थ मृगौला राख्ने 'प्रत्यारोपण' जस्ता सघन र ठुला उपचारको आवश्यकता पर्दछ । तर, कुन विधि रोज्ने भन्ने निर्णय मृगौला अन्तिम अवस्थामा पुग्नेभन्दा पहिले नै गर्नुपर्दछ । जसबेला ग्लोमेरुलस भएर छानिने रगतको बेगदर १२५ मिलिलिटर प्रतिमिनटबाट घटी पाँच मिलिलिटर प्रतिमिनेट मात्र हुन्छ ।

सन् २००८ मा मिर्गौला प्रत्यारोपण सुरु भयो र हालसम्म तीन हजारले गरेका छन् भने सन् २०१० मा ज्येष्ठ नागरिक, हेपाटाईटिस बीका रोगी र विपन्न नागरिकलाई डायलासिस नि:शुल्कको सुविधा प्रदान गरिएको थियो । हाल सबैका लागि हेमोडायलासिस नि:शुल्कमात्र होइन, मृगौला प्रत्यारोपण समेत नि:शुल्क छ ।

**प्रत्यारोपण नै किन ?**

मृगौला प्रत्यारोपण गर्नु भनेको आफन्तको स्वस्थ मृगौला झिकेर बिरामीको शरीरमा राख्नु हो । प्रत्येक व्यक्तिमा हुने दुई वटा मृगौलामध्ये एउटैले मात्र काम गर्दा पनि मानिस स्वस्थ र जीवित रहन सक्ने भएकाले दुवै मृगौला बेकम्मा भएका बिरामीलाई एउटा मृगौला दान गरी आफू पनि नमर्ने र बिरामीलाई जीवनदान दिन सकिन्छ । प्रत्यारोपित मृगौलाले लामो समयसम्म काम गरिरहोस् भन्ने उद्देश्यले सुरुमा बढीमात्रामा र पछि क्रमश: घटाउँदै गएर न्यूनतम् मात्रामा औषधि लिइरहनु पर्दछ । प्रत्यारोपित मृगौलाले पाँच दिनमा शरीरमा जम्मा भएको विकार सफा गरी सक्दछ ।

प्रत्यारोपण सुविधाका लागि पनि राज्यले २०५५ सालमा मानव अङ्ग प्रत्यारोपण ऐन तथा नियमावली ल्याएको छ । मानव शरीरको अङ्ग प्रत्यारोपण ( नियमित तथा निषेध) ऐन २०५५ र मृगौला प्रत्यारोपण नियमावली २०५८ ले प्रत्यारोपणको कानुनी बाटो खुला गरेको छ । कानुनअनुसार प्रत्यारोपणसम्बन्धी प्रक्रिया मिलाउने र अनुमति इजाजत दिने जिम्मेदारी पाएको अङ्ग प्रत्यारोपण समन्वय समिति छ ।

प्रत्यारोपण गरिएको व्यक्तिको स्वास्थ्य र जीवनयापनको गुणस्तर डायलाइसिसको भरमा बाँच्नेको भन्दा राम्रो हुन्छ साथै डायलाइसिस उपचार बाँचुञ्जेल गराइरहनु पर्ने, धेरै खर्च लाग्ने र सबै स्थानमा सेवा उपलब्ध नहुनाले प्रत्यारोपणलाई नै सजिलो र भरपर्दो मानिन्छ । हप्तामा २-३ पटकसम्म डायलाइसिस भएको ठाउँमा जानुपर्ने, जीवनको गुणस्तर न्यून हुने, बाँच्ने सरदर आयु पनि थोरै हुने, कृत्रिमरूपले रगत छान्ने काम डायलाइसिसद्वारा गरिए पनि एरिथ्रोपोइटिनको लागि जिन्दगीभर अलग्गै सुई लिनुपर्ने, वर्ष दिन डायलाइसिस गर्न लाग्ने खर्च करिब तीन लाखले मृगौला प्रत्यारोपण हुने (बाहिर जाँदा रु. १०-१५ लाख) र त्यसको एकतिहाई खर्चले वर्ष दिनको औषधोपचार धान्न सकिन्छ र औषधोपचार खर्च पछिका वर्षमा अझ घट्दै जान्छ । यी विभिन्न कारणहरूले संसारभरि नै मृगौला प्रत्यारोपण तुलनात्मक सबैभन्दा बढी गुणस्तरीय जीवन प्रदान गर्ने, सस्तो लोकप्रिय र उत्तम उपचारको विधि भएको छ । जीवित व्यक्तिबाट लिइएको मृगौलाले धेरै राम्रो काम गर्ने, शल्यक्रिया गर्न सजिलो हुने र मृगौला सुरक्षित रहन्छ ।

प्रत्यारोपण गर्न आवश्यक मृगौलाको कमी अहिले विश्वले भोगिरहेको छ । मृगौलाको आंशिक समस्या पूर्ति गर्न मृतव्यक्तिको मृगौला प्रत्यारोपण सबैजसो देशले अपनाएका छन् किनभने सबै बिरामीले जैविक नातेदारको मृगौला प्राप्त गर्न सक्दैनन् । नयाँ उपलब्धिअनुसार म्याच नखाएको मृगौलाको पनि विशेष उपचार (एण्टीवडी हटाउने, हल्का रेडिएसन दिने, नयाँ मोनोक्लोनल एण्टीबडी थप्ने) गरी अस्वीकार गर्ने दर पाँच प्रतिशतभन्दा कम बनाइन्छ ।

नेपालमा एकातिर गरिबी, अशिक्षा र भौतिक पूर्वाधार तथा जनशक्तिको अभाव छ त अर्कोतिर भौगोलिक विकटता, द्वन्द्वले गर्दा नागरिकहरूको स्वस्थ जीवनको लागि आवश्यक सेवा र सुविधा चुनौतीपूर्ण तथा असम्भव हुँदै आएको छ । यस्ता आवश्यकता पूर्ति गर्नका लागि सरकारी प्रयासमात्र पर्याप्त नहुने भएकाले आ-आफ्नो जीवनको लागि नागरिक आफैँ चेतनशील भई समस्या समाधानमा नलागेसम्म ससाना स्वास्थ्य समस्याले पनि जटिलता उत्पन्न गर्न सक्दछन् । त्यसकारण रोगबारे जानकारी राखौँ आफ्नो स्वास्थ्य परीक्षण गराऔँ, अरुलाई पनि परीक्षण गर्न प्रोत्साहित गरौँ, स्वस्थकर जीवनशैली अपनाउन तत्काल पाइला चालौँ र भविष्य राम्रो, स्वस्थ र सुरक्षित बनाऔँ ।

***(लेखक स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा. बुढाथोकी नेपाल चिकित्सक सङ्घका केन्द्रीय उपाध्यक्ष हुनुहुन्छ ।)***

**विशेष साधारणसभासम्बन्धी जरूरी सूचना**

यस संस्थाको लागि आवश्यक संस्थागत भवन निर्माणको लागि जग्गा खरीदसम्बन्धी तपसिलबमोजिम हुने विशेष साधारणसभामा सम्पूर्ण शेयर सदस्यहरूलाई अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौँ ।

**तपसिल**

मिति : २०८० साल चैत २४ गते, शनिबार ।
समय : बिहान ७:०० बजेदेखि ११:०० बजेसम्म ।
स्थान : संस्थाको कार्यालय ।

दर्ता नं ४०९ (२८९) ०६५/०६६
पान नं. ३०२८६७७९६

"आर्थिक विकासका लागि सहकारीता"
नित्यनाथ बचत तथा ऋण सहकारी संस्था लि.
Nityanath Saving & Credit Co-operative Society Ltd.
घट्खा-३, भक्तपुर
फोन नं. ०१-६६१९५८१

# दैलेख डुङ्गेश्वरको डाँडापराजुलमा कार्यकर्ता भेला



दैलेख, १९ चैत । नेपाल क्रान्तिकारी महिला सङ्घ डुङ्गेश्वर गाउँ समितिको आयोजनामा शनिबार डाँडापराजुलमा कार्यकर्ता भेला भयो ।

भेलामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य नर्मा गुरूङले विश्वका क्रान्तिकारी महिलाहरूको जीवन सङ्घर्षबाट शिक्षा लिई कार्यकर्ताहरू राजनीतिकरूपमा सचेत र सङ्गठित हुनुपर्ने बताउनुभयो ।

नेमकिपा दैलेखका जगत वलिले सामन्तवाद र पुँजीवादको विरोधमा वर्गीयरूपमा आन्दोलन अगाडि नबढाएसम्म परिवर्तन नहुने धारणा राख्नुभयो ।

कार्यक्रममा बिजुकला राना, खगिसरा रेग्मी, बिन्दुलाल रेग्मी, शिवराज दाहाल, हिरामणि न्यौपाने र देवी रेग्मीले पनि बोल्नुभएको थियो ।

त्यस्तै नेमकिपाका अग्रज कार्यकर्ता देवी महतरा निधनको ११ औँ स्मृतिसभा आइतबार भयो । सभामा पार्टीका केन्द्रीय सदस्य नर्मा गुरूङले स्वास्थ्य उपचार निःशुल्क नहुँदा कामदार जनता उपचार नपाई असमयमै मर्नुपर्ने स्थिति रहेको बताउनुभयो ।

कार्यक्रममा जगत वलीले महतराको योगदानबारे बोल्नुभएको थियो ।


## हार्दिक समवेदना



जन्म: २०४२/०१/२८
निधन: २०८०/१०/२१

भक्तपुर जिल्ला भ.न.पा. वडा नं. ५ चासुखेल टोल बस्ने यस संस्थाका सदस्यता नं. **१३६६५** का सदस्य सरिता सैंजु माकको असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर



## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

संस्थाद्वारा प्रदान गरिएका **ए.टि.एम. कार्ड र मोबाइल बैंकिङ सेवा**हरू प्रयोग गरी आफ्नो अत्यावश्यक वित्तीय सेवा सुरक्षितका साथ प्राप्त गर्नुहोला ।




**सुविधाहरू:**

- ४० वटा बैङ्कहरूको १००० वटाभन्दा बढी ATM मेसिनबाट रकम भुक्तानी पाउन सकिने ।
- अनलाइन भुक्तानी सेवा ।
- विद्युत्/टी.भी.,मोबाइल रिचार्ज/इन्टरनेट/टेलिफोनलगायतका महशुलको मोबाइल भुक्तानी सेवा ।
- सपिङ कम्पलेक्स/सिनेमाघरलगायतका ठाउँहरूमा रकम भुक्तानीका लागि POS भुक्तानी सेवा ।



**नव वर्ष २०८१ सालको संस्थाको भित्तेपात्रो**

हरेक सदस्यलाई **निःशुल्क वितरण** हुँदै छ । आ-आफ्नो प्रति बुझिलिनुहोला ।

**व्यवस्थापक**

### गतिविधि





शिक्षा उपसमितिको आयोजनामा सम्पन्न अनिवार्य शिक्षा शिविरमा आफ्नो मन्तव्य राख्नुहुँदै संस्थाका अध्यक्ष रुद्रनारायण लाखा तथा कार्यक्रममा सहभागी सदस्यहरू ।

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

चोर्चा-७, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

ACCESS BRONZE


*भक्तपुरको...*

गर्नेहरूलाई कडा सजायको व्यवस्था हुनुपर्ने बताउनुभयो ।

बैठकमा भक्तपुर नपाका जनप्रतिनिधि, राष्ट्रिय अनुसन्धान विभाग, सशस्त्र प्रहरी बल, नेपाल टेलिकम, काठमाडौँ उपत्यका खानेपानी लिमिटेड, नेपाल विद्युत प्राधिकरण, नेपाल रेडक्रस सोसाइटी, भैरवनाथ जात्रा सहयोग समिति, अस्पतालका प्रतिनिधि र जात्रासँग सम्बन्धित सरोकारवालाहरूको उपस्थिति रहेको थियो । बिस्का जात्रा व्यवस्थापनबारे आ-आफ्नो तर्फबाट हुने सहयोग र तयारीबारे बैठकमा अवगत गराउनुभयो ।

भक्तपुर नगरपालिकाले बिस्केट जात्रा सञ्चालन गर्ने विषयमा जात्रासँग सम्बन्धित सरोकारवालाबिच भएका महत्त्वपूर्ण निर्णयहरू :

१. यस वर्षको बिस्का जात्रा शान्तिपूर्ण र भव्यताका साथ सम्पन्न गर्न जात्रा सञ्चालन हुने सम्पूर्ण क्षेत्रहरूको सरसफाइ र आवश्यक व्यवस्थापन तथा प्रचार प्रसारलगायत सरोकारवालाहरूसँग समन्वय गर्ने कार्य भक्तपुर नगरपालिकाले गर्ने निर्णय गऱ्यो ।
२. बिस्का जात्रा अवधिभर नगर क्षेत्रको शान्ति सुरक्षाको जिम्मेवारी जिल्ला प्रशासन कार्यालय, भक्तपुर र जिल्ला प्रहरी परिसर, भक्तपुरलगायत सुरक्षा निकायलाई दिने निर्णय गऱ्यो ।
३. बिस्का जात्रासम्बन्धी सम्पूर्ण पूजाआजा र जात्रा समयमै सुरु र सम्पन्न गर्न आवश्यक तयारीको लागि गुठी संस्थान शाखा कार्यालय, भक्तपुरलाई जिम्मा दिने निर्णय गऱ्यो ।
४. बिस्का जात्रासँग सम्बन्धित पूजाआजा र आवश्यक तयारीको लागि भैल नायोहरू, जात्रा व्यवस्थापन समिति र सम्बन्धित वडा कार्यालयलाई जिम्मेवारी दिने निर्णय गऱ्यो ।
५. बिस्का जात्रा सञ्चालन हुने नगरका सम्पूर्ण क्षेत्रहरूमा रहेको तार, केबुल र फाइबर नेटका केबुलहरू व्यवस्थित गर्न सम्बन्धित सेवाप्रदायकहरूलाई जिम्मेवारी दिने र आवश्यक पत्राचार नगरपालिकाबाट गर्ने निर्णय गऱ्यो ।
६. बिस्का जात्रा सञ्चालन हुने दिनहरूमा नगरका सम्पूर्ण अस्पतालमा रहेका एम्बुलेन्स, दमकल तथा विपद् पूर्वतयारीका सामानहरू तयारी अवस्थामा राख्ने नेपाल रेडक्रस सोसाइटी, भक्तपुरले आवश्यक व्यवस्थापन गर्ने र अस्पतालको एमर्जेन्सी वार्डमा स्वास्थ्यकर्मीहरूलाई सतर्क अवस्थामा राख्ने निर्णय गऱ्यो ।
७. बिस्का जात्रा अवधिभर जात्रामा अत्यधिक भिड हुने दिनहरू चैत ३०, वैशाख १ र ४ गते भिड हुने स्थानहरूमा नेपाल स्काउटबाट स्वयम्सेवकहरू खटाई आवश्यक व्यवस्थापन गर्ने निर्णय गऱ्यो ।
८. बिस्का जात्राको क्रममा सडकमा सवारी साधन व्यवस्थित गर्न ट्राफिक कार्यालय, भक्तपुरलाई जिम्मेवारी दिने निर्णय गऱ्यो ।
९. बिस्का जात्रा शान्तिपूर्णरूपमा सम्पन्न गर्न नगरवासीहरू र सङ्घसंस्थाहरूको सहभागितामा चैत २७ गते बिहान ७:०० बजे दत्तात्रयबाट सद्भाव ऱ्याली सुरु गरी टौमढीमा सभा गरी सम्पन्न गर्ने र त्यसको आवश्यक व्यवस्था भक्तपुर नगरपालिकाले गर्ने निर्णय गऱ्यो ।
१०. जात्रा अवधिभर नगरपालिकाका प्रमुख स्थानहरूमा लागुपदार्थ तथा मदिरा बिक्री वितरण निषेध गर्ने निर्णय गऱ्यो ।
११. खानेपानी व्यवस्थापन केयुकेललाई र विद्युत् प्रशारणमा कुनै किसिमको समस्या आउन नदिन नेपाल विद्युत प्राधिकरण, भक्तपुर शाखालाई जिम्मेवारी दिने निर्णय गऱ्यो ।

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

### प्रवचन कार्यक्रममा सहभागी हुनेबारे सूचना

उपरोक्त सम्बन्धमा ६७ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेँज्यूको प्रमुख आतिथ्यमा हुने सहकारीसम्बन्धी प्रवचन कार्यक्रममा निम्न मिति, समय र स्थानमा सहकारीबाट अध्यक्ष वा एक जना सहभागिताको लागि अनुरोध गरिएको छ ।

**कार्यक्रम**
**मिति** : २०८०।१२।२० गते, मङ्गलबार
**समय** : दिनको १:०० बजे
**स्थान** : भ.न.पा. सभा कक्ष, ब्यासी


## इन्द्रायणी बचत तथा ऋण सहकारी संस्था लि.
भ.न.पा.-२, हाकुफोहिटि चोक, फोन नं. ०१-६६१६८३७

### ऋण चुक्ता गर्नेसम्बन्धी सूचना

तपसिलका सदस्यता नं. १२३७ का सदस्यले यस संस्थाबाट लिएको ऋण/सावाँ/ब्याज लगायतका अन्य दस्तुरसमेत यस संस्थासँगको सर्तबमोजिम समय-समयमा तिर्नु बुझाउनुपर्नेमा नतिरी नबुझाई ऋण कर्जासम्बधी सर्त बन्देज उल्लङ्घन गर्नुभएकोले पटकपटक मौखिक, लिखित तरताकेता गर्दासमेत सो ऋण तिर्ने सम्बन्धमा कुनै चासो नगर्नु भएकोले मिति २०७९ साल कार्तिक २५ गते र मिति २०८० साल माघ २३ गते ऋण तिर्ने बुझाउने सम्बन्धी अन्तिम ताकेता पत्र १५ दिने म्याद दिँदासमेत पनि तपाईँ ऋणीले ऋण चुक्ता गर्नेतर्फ कुनै चासो नदेखाउनु भएकोले तपाईँको तिर्न बुझाउनुपर्ने सावाँ, ब्याज र हर्जना असुल गर्नको लागि तपाईँको सवारी साधन चल सम्पत्ति र घर जग्गा अचल सम्पत्तिसमेतबाट असुलउपर गरी लिनुपर्ने हुँदा १५ दिनभित्र सावाँ, ब्याज तिर्न बुझाउन नआएमा १६ औँ दिन मिति २०८१ साल वैशाख ६ गते बिहीबार दिनको ११:०० बजे संस्थाको कार्यालयमा लिलाम गर्ने जानकारीसहित यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ऋणीको विवरण | धितोको सवारी साधनको विवरण |
|---|---|
| **नाम** : बिकुबहादुर सुवाल | **सवारी नं** : बा.४ ख २३३७ |
| **बुबाको नाम** : चन्द्रबहादुर सुवाल | **कम्पनीको नाम** : टाटा कम्पनी |
| **बाजेको नाम** : जगत सुवाल | **बनेको साल** : २०१६ |
| **ठेगाना** : भक्तपुर नगरपालिका साविक वडा नं. १० भई हाल परिवर्तित वडा नं. २ ब्यासी | **इन्जिन नं** : 497TC92DTY815200 |
| **नागरिकता नं.** ७६५८ र जारी मिति : २०५२/०७/२१ | |


प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा